# हाम्रो बेनीघाट रोराङ

# सेरोफेरो

## स्थानीय पाठ्यक्रमः आधारभूत तह (कक्षा १-८)

## २०७८



**प्रकाशक**:
**बेनीघाट रोराङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

| | | |
|---|---|---|
| **पुस्तक** | : | हाम्रो बेनीघाट रोराङ सेरोफेरो (१-८) |
| **प्रकाशक** | : | **बेनीघाट रोराङ गाउँपालिकाको कार्यालय, विशालटार, धादिङ** |
| **प्रमुख सल्लाहकार** | : | श्री पित्त बहादुर डल्लाकोटी (हरि), अध्यक्ष |
| **सल्लाहकार** | : | श्री देवी प्रसाद सिलवाल, उपाध्यक्ष |
| | | श्री लक्ष्मण प्रसाद भट्टराई, प्रमुख प्रशासकीय अधिकृत |

**पाठ्यक्रम निर्माण कार्यदल** :

| | |
|---|---|
| श्री भुवन त्रिपाठी | - संयोजक |
| श्री रोशन कुमार सिलवाल | - सदस्य |
| श्री केदार कुमार खड्का | - सदस्य |
| श्री शेर बहादुर अधिकारी | - सदस्य |
| श्री रामेश्वर पोखरेल | - सदस्य |
| श्री कल्पना सिलवाल | - सदस्य |
| श्री राजेन्द्र पाण्डे | - सदस्य |
| श्री ईश्वर रेग्मी | - सदस्य |
| श्री सत्यधर कंडेल | - सदस्य |
| श्री कुल बहादुर पौडेल | - सदस्य |
| श्री बोधराज पाठक | - सदस्य |

**सर्वाधिकार** : (c) प्रकाशकमा निहित

२०७८ श्रावण ९ गतेको गाउँ कार्यपालिकाबाट स्वीकृत तथा २०७८ श्रावण १० गतेको गाउँसभाबाट अनुमोदित ।

**मुद्रण : ५०० प्रति**

**प्रथम संस्करण : वि. सं. २०७८**

(बेनीघाट रोराङ गाउँपालिकाको लिखित स्वीकृति विना यसको पूरै वा आंशिक भाग विद्युतीय माध्यमबाट वा छायाँप्रति हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन । गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन बमोजिम कारबाही गरिने छ ।)

# बेनीघाट रोराङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

प.स.: ०७७/०७८
च.नं.:

## शुभकामना

नेपालको संविधान, २०७२ को कार्यान्वयन पश्चात् मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको कार्यान्वयनको चरणमा छ। तीन तहको निर्वाचन सम्पन्न भएपश्चात् हाल संविधानको मर्म अनुसार तीन तहकै सरकारले आ-आफ्नो कार्य गरिरहेका छन् । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई सुम्पिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारले शिक्षासम्बन्धी गर्नु पर्ने कार्यहरू तोकेको छ । स्थानीय तहले आफ्नो स्थानीय परिवेश र आवश्यकताको जगमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सक्ने प्रावधान रहेको छ । संविधान प्रदत्त अधिकारको जगमा टेकेर बेनीघाट रोराङ गाउँपालिकाले आफ्नै स्थानीय विषयवस्तुको सापेक्षतामा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन सकेको यस सुखद् अवसरमा म सर्वप्रथम शिक्षक, अभिभावक, विद्यार्थी लगायत सरोकारवालाहरूलाई हार्दिक बधाइ ज्ञापन गर्न चाहन्छु। यस प्रक्रियामा शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षकका पेशागत सङ्घ सङ्गठन, राजनीतिक दल, शिक्षाविद्, विज्ञ लगायत सम्बद्ध पक्षहरु सबैको भूमिका महत्वपूर्ण रह्यो। सबै-सबैको निरन्तरको सल्लाह, सुझाव र चासो नै पाठ्यक्रम निर्माणको सही मार्ग निर्देशन बन्न पुगेको छ ।

बेनीघाट रोराङ गाउँपालिका विविधताले सम्पन्न गाउँ हो। यहाँ फरक-फरक भौगोलिक परिवेश, स्थानीय कला, संस्कृति, पेशा, व्यवसाय, जातजाति, चालचलन, रहन सहन र भेषभूषा पाइन्छ। उक्त विविधताको सम्मान गर्दै स्थानीय ज्ञान, सीप, प्रविधि, मूल्यमान्यता, संस्कार, सभ्यता र संस्कृतिप्रति सु-सूचित गराउदै बालबालिकाहरूलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले यो पाठ्क्रम तयार पारिएको छ। यो पाठ्यक्रमको सफल कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिताको उत्तिकै आवश्यकता रहन्छ । राष्ट्रिय पाठ्यक्रमले स्थानीय आवश्यकता र सम्भावनालाई समेट्न नसक्ने सन्दर्भमा स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । तसर्थ यस पाठ्यक्रमको कार्यान्वयन र त्यसबाट प्राप्त प्रतिफलमा सरोकारवालाहरूकै उत्तरदायित्व र जिम्मेवारी रहने भएकोले यस पाठ्यक्रमले विकेन्द्रीकरण र सङ्घीयताको मूल मर्मलाई आत्मसात् गरेको छ। बालबालिकाहरूलाई स्थानीय

ज्ञान, सीप र प्रविधिको उपयोग गर्दै आत्मनिर्भर हुन र जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षाका साथ यो पाठ्यक्रम निर्माण गरिएको छ ।

शैक्षिक सत्र -२०७८ बाट क्रमशः कक्षा १ देखि बेनीघाट रोराङ गाउँपालिका भित्र लागू हुने यस स्थानीय पाठ्यक्रम गाउँपालिका आफैँले निर्माण गरी लागू गर्ने सु-अवसर प्राप्त भएकोमा म अत्यन्तै हर्षित भएको छु। पाठ्यक्रम निर्माण जस्तो जटिल प्राविधिक कार्यमा सहयोग पुऱ्याउनु हुने पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम अधिकृत श्री हेमराज खतिवडा धन्यवादका पात्र हुनुहुन्छ। साथै यस गाउँपालिकाको आफ्नै पाठ्यक्रम निर्माण गर्नु पर्छ भनी निरन्तर अग्रसरता लिनु हुने यस गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाका सदस्यहरू, गाउँ शिक्षा समितिका सदस्यहरू, पाठ्यक्रम निर्माण कार्यदल, शिक्षा शाखा प्रमुख, शिक्षक, विद्यार्थी, शिक्षकका पेशागत संघ संगठन, राजनीतिक दलहरू लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबैमा म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। आवश्यकताको आधारमा पाठ्यक्रम अध्यावधिक तथा परिमार्जन गर्दै यसको सफल कार्यान्वयनमा सबैको सहयोग पुग्ने छ भन्ने अपेक्षा लिएको छु। धन्यवाद !

.........................................

पित्त बहादुर डल्लाकोटी

अध्यक्ष

बेनीघाट रोराङ गाउँपालिका

## प्राक्कथन

शिक्षा मानव संशाधन विकासको प्रमुख माध्यम हो। शिक्षाले मानिसलाई अज्ञानताको अँध्यारो युगबाट ज्ञानको माध्यमबाट उज्यालो संसारमा पुऱ्याउन सहयोग गर्दछ। यसले सिङ्गो मानव, राष्ट्र र विश्वलाई नै प्रगतिको मार्गतर्फ अघि बढाउन प्रेरणा प्रदान गर्दछ । शिक्षाको माध्यमबाट नै समाजमा व्याप्त असमानता, पछौटेपन र दरिद्रताको अन्त्य गरी सुसंस्कृत समाज निमार्ण गर्न सकिन्छ । अझ व्यवहारिक र गुणस्तरीय शिक्षाले समग्र परिवार, समाज र राष्ट्रलाई नै आर्थिक तथा सामाजिक रुपान्तरणमा सहयोग पुऱ्याउन सहयोग गर्दछ । शिक्षा आवश्यकतामा आधारित भयो भने यसबाट राज्यले गरेको अपेक्षा पूर्ण हुन सक्दछ । स्थानीय माग र परिवेश सुहाउँदो शिक्षाले नै व्यक्तिलाई आत्मनिर्भरता तर्फ उन्मुख गराउँदछ । आन्तरिक र बाह्य बजारमा माग भएको जनशक्ति निर्माण गरी रोजगारीको अवसर सिर्जना गर्नु शिक्षाको ध्येय नै हो । हाम्रो समाजमा एकातिर बजारमा आवश्यक दक्ष जनशक्तिको अभाव छ भने अर्कोतिर समाजका शिक्षित वर्गहरु रोजगारीको अभावले भौंतारी रहनु परेको छ। यसले विगतदेखि हामीले अपनाउदै आएको शिक्षा प्रणाली कति कामयावी छ भन्ने अहम् प्रश्न उब्जाएको छ। अर्कोतर्फ शिक्षाले व्यक्तिगत स्वार्थबाट माथि उठेर राष्ट्र र जनताको सेवामा दत्तचित्त भएर लाग्ने असल नागरिकको परिकल्पना गरेको हुन्छ । राज्यको उक्त अपेक्षा पुरा हुन सकेमा मात्र शिक्षा सार्थक हुन जान्छ । तसर्थ सामाजिकीकरणको प्रक्रियामा सहयोगी, मानवीय मूल्य मान्यताप्रति कटिबद्ध र राष्ट्र निर्माणमा दृढ सङ्कल्पित जनशक्ति निर्माण गर्न सक्ने शिक्षाले मात्रै समृद्ध मुलुक निर्माणमा सहयोग गर्न सक्छ ।

नेपाल एक जैविक, प्राकृतिक, धार्मिक तथा सांस्कृतिक विविधताले धनी देश हो। पुँजीको रुपमा रहेका यस्ता सम्पदाहरुको संरक्षण गदै पुस्ता हस्तान्तरण गर्ने माध्यम शिक्षा नै हो । शिक्षा देश विकासको आधारशीला र समृद्ध सामाजिक आर्थिक रुपान्तरणको चालक (Driving force) हो। विश्वव्यापिकरणको चुनौतिलाई अवसरमा परिणत गर्दै स्थानीय प्राकृतिक स्रोत, सीप तथा बौद्धिकताहरुको अन्तरपुस्ता समन्याय सहितको दिगो परिचालन आजका बालबालिकाले सिक्नुपर्ने र जान्नुपर्ने विषय हो। हाम्रो विद्यालयमा हुने पठनपाठनमा यस्ता विषयहरु राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्दर्भ तथा परिवेश, विद्यार्थीको मनोवैज्ञानिक विकासक्रमको आधारमा समावेश गरिएको भए पनि स्थानीय विविध पक्ष र दैनिक जीवनमा उपयोग हुदै आएका जीवनपर्यन्त जीवित विषयहरुले स्थान पाएका छैनन्। गाँउ, टोल तथा समाजमा भएका यस्ता महत्वपूर्ण बुद्धिहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बुद्विमा मिलाउनका लागि स्थानीय परम्परागत ज्ञानलाई मर्न दिनु हुदैन । लोकतान्त्रिकरण तथा सङ्घीयता सँगै बढ्दै गएको विकास प्रतिको उच्च मोह, राष्ट्र र राष्ट्रियता प्रतिको संवेदनशीलतालाई स्थानीय एकाइबाटनै मजबुत बनाउन, स्थानीय सरकारका सेवाहरुलाई नागरिककै संलग्नतामा उत्कृष्ठ बनाउदै घरप्रेम, गाँउप्रेम, देशप्रेम र अन्ततोगत्वा विश्वबन्धुत्वको अवधारणा सानै कक्षाबाट सिकाउन स्थानीय पाठ्यक्रमले महत्वपूर्ण योगदान दिन सक्छ ।

लोकतन्त्रको मूल्यमान्यता भनेको नागरिकको सहभागितावाट अपनत्वको विकास हो । नीतिनिर्माण, योजना निर्माण र कार्यक्रममा सम्मान सहितको सार्थक सहभागीता र उनीहरुको अपेक्षाको संबोधन

नै हो । स्थानीय पाठ्यक्रमवाट शिक्षामा नागरिक सामाज, स्थानीय बुद्दिजीवी, स्थानीय सरकार तथा अभिभावक, विद्यार्थी र शिक्षकको समेत प्रत्यक्ष संलग्नता हुदा सिकाइ दिगो र स्थानीयकरण हुन्छ र लोकतन्त्रको जगैवाट मजबुत हुन्छ । विश्वका एकात्मक तथा संङ्घीय शासन प्रणाली भएका देशका स्थानीय पाठ्यक्रमले महत्वपूर्ण अंश ओगटेका छन् । यस्ता पाठ्यक्रम राष्ट्रिय एकताका आधारशिला पनि हुन् । स्थानीय स्रोत, साधन, क्षमता, सीप, बौद्दिकता र उद्‌गम समेत स्थानीय नै हुने हुँदा यसले राष्ट्रिय पाठ्यक्रमले सम्बोधन गर्न नसकेका र सम्बोधन गर्न बाँकी रहेका विषयवस्तुलाई स्थानीय पाठ्यक्रमले सम्बोधन गर्न सक्छ। वास्तवमा स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम हो । स्थानीय आवश्यकता र सन्दर्भमा आधारित विषयवस्तु समावेश हुने पाठ्यक्रम, शिक्षकले विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउन सक्ने पाठ्यक्रम, विश्वस्थानीयकरणको मान्यतामा कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । यसको प्रमुख आधार स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र विज्ञता हो ।

बेनीघाट रोराङ गाउँपालिका विविधताले भरिएको र प्रचुर सम्भावनाहरू बोकेको अनुपम गाउँ हो । भौगोलिक रूपमा त्रिशुली नदीको किनारादेखि महाभारत पर्वतको लेक क्षेत्र समेत यस गाउँपालिका भित्र समेटिएका छन् । यस गाउँपालिकाभित्रका विभिन्न जातजातिहरू, कला, संस्कृति, भाषा, भेषभूषा, रहनसहन, चाडपर्व, रीतिरिवाज तथा चालचलन नै यस गाउँका सम्पति हुन् । यहाँका जल, जमिन, जङ्गल, जडिबुटी र जनावर यस क्षेत्रका अमूल्य नीधि हुन् । यस गाउँपालिकाभित्र रहेका ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरूले यस गाउँको पौराणिक गाथा बोकेका छन् । धादिङ जिल्लाभित्रका १३ स्थानीय तहमध्ये बेनीघाट रोराङ गाउँपालिकामा साबिकका चारवटा गा.वि.स.हरु (महादेवस्थान, बेनीघाट, धुषा र जोगिमारा) समाहित छन् । २४ कि.मी. हाइवे क्षेत्र भएको यस गाउँपालिकाको आफ्नै छुट्टै पहिचान र विशेषता रहेको छ । यस गाउँपालिका भित्र रहेका स्रोतहरूको पहिचान, संरक्षण, सम्वर्द्धन र पूर्ण उपयोग गर्न गाउँपालिकाले उचित नीति अवलम्बन गर्दै आएको छ। स्रोत साधनहरूलाई उत्पादन तथा विकाससँग जोड्न गाउँपालिकाले विभिन्न क्षेत्रगत नीतिहरू तय गर्ने तथा कार्यान्वयन गर्ने सन्दर्भमा शिक्षा नीतिलाई यसको प्रमुख कडीको रूपमा लिई आधारभूत तहमा कक्षा (१-८) को स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७८ देखि कार्यान्वयनमा ल्याउन लागिएको छ । नेपालको वर्तमान संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मार्गदर्शन र आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम २०७६, प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ समेतलाई यस पाठ्यक्रम निर्माणको आधार बनाइएको छ ।

पाठ्यक्रम निर्माणमात्र सम्पूर्ण होइन । कुनै पनि कार्य योजना निर्माणभन्दा त्यसको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण पाटो हो । कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन सकियो भने मात्र अपेक्षित प्रतिफल प्राप्त गर्न सकिन्छ । यसको प्रभावकारी कार्यान्वयन गाउँपालिकाको एक्लो प्रयासले मात्र सम्भव हुदैन । तसर्थ यसमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा संलग्न सबै सरोकारवालाहरू जस्तै शिक्षक, विद्यार्थी, अभिभावक, राजनीति कर्मी, समाजसेवी तथा बुद्दिजीवी सबैको उत्तिकै महत्वपूर्ण भूमिका र

हने अपेक्षा गरिएको छ। त्यसका निम्ति सिक्नका लागि सिकाउने वैयक्तिक शिक्षण तथा व्यवहारिक कुशल सीपका नवीन शैलीहरू अवलम्बनप्रति सबै सजक हुनु पर्दछ। यिनै कुराहरूलाई पाठ्यक्रमले मूल मर्मको रूपमा लिएको छ। यो पाठ्यक्रम बेनीघाट रोराङ गाउँपालिकाको जनशक्तिलाई आत्मानिर्भर र सीपमूलक बनाउन सक्षम हुनेछ भन्ने विश्वास लिइएको छ।

स्थानीय पाठ्यक्रम निर्माण गरी गाउँपालिकाभर लागू गर्ने उद्देश्यले मिति २०७७ माघ ५ गते बसेको बेनीघाट रोराङ गाउँ शिक्षा समितिको बैठकले गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक श्री भुवन त्रिपाठीको संयोजकत्वमा गाउँपालिकाका प्रवक्ता श्री रोशन कुमार सिलवाल, कार्यालयका प्रशासकीय अधिकृत श्री केदार कुमार खड्का, शिक्षा अधिकृत श्री बोधराज पाठक, प्रधानाध्यापक श्री शेर बहादुर अधिकारी, प्रधानाध्यापक श्री रामेश्वर पोखरेल, प्रिन्सिपल श्री कल्पना सिलवाल, शिक्षक श्री राजेन्द्र पाण्डे, शिक्षक श्री ईश्वर रेग्मी, शिक्षक श्री सत्यधर कंडेल र शिक्षक श्री कुल बहादुर पौडेल गरी ११ सदस्य सम्मिलित स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरेको थियो। यसै गरी २०७७ माघ ७ गते गाउँपालिकाका अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी (हरि) ज्यूको प्रमुख आतित्थ्यता, गाउँपालिकाका उपाध्यक्ष श्री देवी प्रसाद सिलवालज्यूको विशेष आतित्थ्यता र विद्यालयका प्रधानाध्यापकहरुको उपस्थितिमा बसेको स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको बैठकले स्थानीय आवश्यकता पहिचान र स्थानीय विषयवस्तु संकलन फारम निर्माण र स्वीकृत गरेको थियो। त्यसै बैठकले वडा समितिको उपस्थितिमा सम्पूर्ण प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय समाजसेवी, बुद्विजीवी, विद्यार्थी, अभिभावक एव्म शैक्षिक सरोकारवालाहरुको उपस्थितिमा स्थानीय पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण र स्थानीय विषयवस्तु संकलनका लागि वडागत रुपमा विभिन्न व्यक्तिहरुलाई जिम्मेवारी सुम्पेको थियो। यस अन्तर्गत वडा नं. १ मा प्रधानाध्यापक श्री रामेश्वर पोखरेल र शिक्षक श्री राजेन्द्र पाण्डे, वडा नं. २ मा शिक्षक श्री कुल बहादुर पौडेल र शिक्षक श्री सत्यधर कंडेल, वडा नं. ३ मा प्रधानाध्यापक श्री शेर बहादुर अधिकारी र प्रिन्सिपल श्री कल्पना सिलवाल, वडा नं. ४ मा प्रधानाध्यापक श्री सुरेन्द्र श्रेष्ठ र शिक्षक श्री रामहरि कँडेल, वडा नं. ५ मा प्रशासकीय अधिकृत श्री केदार कुमार खड्का र शिक्षक श्री राजेन्द्र पाण्डे, वडा नं. ६ मा प्रधानाध्यापक श्री वसन्त महत र प्रधानाध्यापक श्री रामेश्वर पोखरेल, वडा नं. ७ मा प्रशासकीय अधिकृत श्री केदार कुमार खड्का र प्रिन्सिपल श्री टिका प्रसाद थपलिया, वडा नं. ८ मा प्रधानाध्यापक श्री गोपीकृष्ण दाहाल र शिक्षक श्री ईश्वर रेग्मी, वडा नं. ९ मा प्रशासकीय अधिकृत श्री राजन सापकोटा र प्रधानाध्यापक श्री धननारायण श्रेष्ठ, वडा नं. १० मा शिक्षा अधिकृत श्री बोधराज पाठक र प्रधानाध्यापक श्री दिपक रिजालले आवश्यकता संकलनका लागि सहजीकरण गर्नु भएको थियो। उल्लेखित विभिन्न भूमिकामा रहेर महत्वपूर्ण योगदान गर्नुहुने सबै-सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। संकलित विषयवस्तुलाई समेटेर पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम अधिकृत श्री हेमराज खतिवडाले पाठ्यक्रमको मूर्त रुप दिनु भएको हो। पाठ्यक्रमको कोरा रूपलाई यसको संरचनाभित्र हालेर आवश्यक सुधार तथा परिमार्जन सहित सुरुदेखि नै निरन्तर सहयोग प्रदान गरिरहनु हुने विज्ञ पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम अधिकृत श्री हेमराज खतिवडा प्रति हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछौं।

पाठ्यक्रमको प्रुफ रिडिङमा सहयोग गर्नु हुने प्राविधिक सहायक श्री माया कुमारी ढकाल र शिक्षक श्री मनुराम पौडेल प्रति पनि धन्यवाद व्यक्त गर्दछौं ।

अन्त्यमा, यस गाउँपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवाला पक्षहरूको अहम् भूमिका रहने अपेक्षा गर्दै कार्यान्वयनको क्रममा प्राप्त सुझाव तथा प्रतिक्रियाहरुलाई आगामी दिनमा पाठ्यक्रममा समेट्दै लैजाने विश्वास दिलाउन चाहन्छौं । पाठ्यक्रम निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दछौं ।

धन्यवाद !

बेनीघाट रोराङ गाउँपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
विशालटार, धादिङ ।

# विषय सूचि


| क्र. सं. | विषय | पाना नं. |
|---|---|---|
| १. | स्थानीय पाठ्यक्रमको अवधारणा | १ |
| २. | स्थानीय पाठ्यक्रमको महत्व र विशेषाता | १ |
| ३. | स्थानीय पाठ्यक्रम निर्माणको औचित्य | २ |
| ४. | पाठ्यक्रम विकासमा अवलम्वन गरिएका सिद्धान्त तथा प्रक्रिया | ३ |
| ५. | स्थानीय पाठ्यक्रम सम्बन्धि विभिन्न दस्तावेजमा भएका व्यवस्था र विकास प्रक्रिया | ३-८ |
| ६. | स्थानीय पाठ्यक्रमको ढाँचा | ८ |
| ७. | विषय क्षेत्र | ८ |
| ८. | विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू | ८-९ |
| ९. | विद्यालय शिक्षाको पाठ्यक्रम संरचना | १०-११ |
| १०. | स्थानीय पाठ्यक्रम विकास एवं कार्यान्वयनमा विभिन्न निकायको भूमिका | १२ |
| ११. | परिचय | १३-१४ |
| १२. | तहगत सक्षमता | १४ |
| १३. | कक्षागत सिकाई उपलब्धिहरू | १५-१७ |
| १४. | सिकाई सहजीकरण क्रियाकलाप | १८ |
| १५. | मूल्याङ्कन प्रक्रिया | १८ |
| **विषय वस्तुको विस्तृतीकरण** | | |
| | क) कक्षा १ | १९-२१ |
| | ख) कक्षा २ | २२-२४ |
| | ग) कक्षा ३ | २५-२७ |
| | घ) कक्षा ४ | २७-३० |
| | ङ) कक्षा ५ | ३०-३२ |
| | च) कक्षा ६ | ३३-३५ |
| | छ) कक्षा ७ | ३५-३८ |
| | ज) कक्षा ८ | ३८-४१ |

# विषय सूचि


| क्र. सं. | विषय | पाना नं. |
|---|---|---|
| १. | स्थानीय पाठ्यक्रमको अवधारणा | १ |
| २. | स्थानीय पाठ्यक्रमको महत्व र विशेषता | १ |
| ३. | स्थानीय पाठ्यक्रम निर्माणको औचित्य | २ |
| ४. | पाठ्यक्रम विकासमा अवलम्वन गरिएका सिद्धान्त तथा प्रक्रिया | ३ |
| ५. | स्थानीय पाठ्यक्रम सम्बन्धि विभिन्न दस्तावेजमा भएका व्यवस्था र विकास प्रक्रिया | ३-८ |
| ६. | स्थानीय पाठ्यक्रमको ढाँचा | ८ |
| ७. | विषय क्षेत्र | ८ |
| ८. | विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू | ८-९ |
| ९. | विद्यालय शिक्षाको पाठ्यक्रम संरचना | १०-११ |
| १०. | स्थानीय पाठ्यक्रम विकास एवं कार्यान्वयनमा विभिन्न निकायको भूमिका | १२ |
| ११. | परिचय | १३-१४ |
| १२. | तहगत सक्षमता | १४ |
| १३. | कक्षागत सिकाई उपलब्धिहरू | १५-१७ |
| १४. | सिकाई सहजीकरण क्रियाकलाप | १८ |

# विषय सूचि


| क्र. सं. | विषय | पाना नं. |
|---|---|---|
| १५. | मूल्याङ्कन प्रक्रिया | १८ |
| **विषय वस्तुको विस्तृतीकरण** | | |
| | क) कक्षा १ | १९-२१ |
| | ख) कक्षा २ | २२-२४ |
| | ग) कक्षा ३ | २५-२७ |
| | घ) कक्षा ४ | २७-३० |
| | ङ) कक्षा ५ | ३०-३२ |
| | च) कक्षा ६ | ३३-३५ |
| | छ) कक्षा ७ | ३५-३८ |
| | ज) कक्षा ८ | ३८-४१ |

## १. स्थानीय पाठ्यक्रमको अवधारणा

राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तुहरूलाई समेटेर स्थानीय स्तरमा नै तयार पारी सिकाई सहजीकरण गरिने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । स्थानीय पाठ्यक्रममा स्थानीय सभ्यता, संस्कृति, सम्पदा, व्यवसाय, भाषा, परम्परागत सीप र प्रविधि आदिलाई समेटिएको हुन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।" त्यसै गरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिका अनुसार स्थानीय आवश्यकता, विषय क्षेत्र, विषय वस्तु, शैक्षणिक व्यवस्था र सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणाका रूपमा स्वीकारेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम प्रारुप २०७५ अनुसार "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सीप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ ।" उल्लिखित परिभाषालाई हेर्दा स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिएको पाठ्यक्रम हो । यसले त्यस समाजका आवश्यकतालाई सम्बोधन गर्छ । सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ । सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ । शिक्षक र विद्यार्थी बीच सामीप्यता ल्याउँछ । समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ । परम्परा, मूल्य र मान्यतालाई जगेर्ना गर्छ । नयाँ सीप, प्रविधिलाई अन्तर्राष्ट्रिय बजार सम्म जोड्न सहयोग गर्छ । समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउँछ ।

## २. स्थानीय पाठ्यक्रमको महत्व र विशेषता

स्थानीय पाठ्यक्रम प्रारूप, २०७५ ले स्थानीय पाठ्यक्रमको विशेषता एवम् महत्वलाई निम्नलिखित बुँदामा समेटेको छ :

- स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको परिपूर्ति गर्छ ।
- यो स्थानीय मागमा आधारित हुन्छ ।
- यसले स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्छ ।
- यसले स्थानीय स्तरमा नै सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चितता गर्छ ।
- अपनत्वको भावनाको विकास गराउँछ ।
- यसले स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।

- रोजगार तथा स्वरोजगारको सिर्जना गर्छ ।
- यसले सैद्धान्तिकभन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।
- विद्यार्थी केन्द्रित र प्रयोगात्मक विधिमा जोड दिन्छ ।

## ३. स्थानीय पाठ्यक्रम निर्माणको औचित्य

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई सुम्पिएका विधायकी, कार्यकारिणी र न्यायिक अधिकार प्रयोगमा ल्याउन, परेका समस्या हटाउन, द्विविधाको अन्त्य गर्न व्यवस्थापिका संसदले पारित गरेको 'स्थानीय तह सञ्चालन ऐन २०७४' आश्विन २९ गते राष्ट्रपतिबाट प्रमाणिकरण भई कार्यान्वयनमा आएको छ। यस ऐनको परिच्छेद ३ को दफा ११ को उपदफा २ 'ज' मा गाउँपालिका, नगरपालिकाका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। यस दफाले संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीमा राखेको आधारभूत र माध्यमिक शिक्षासम्बन्धी व्यवस्थालाई कार्यान्वयनमा ल्याउने प्रयास गरेको छ । यसै अधिकारलाई प्रयोग गरी वेनीघाट रोराङ गाउँ शिक्षा समितिको निर्णय अनुसार स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन भई स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ ।

विद्यार्थीलाई केन्द्रीकृत मात्र होइन, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक पनि पढाइनुपर्छ । आफ्नो गाउँठाउँको इतिहास, भूगोल, संस्कृति, प्रकृति, परम्परागत ज्ञान-सीप जान्ने-सिक्ने हक सबै बालबालिकालाई हुन्छ। आफूलाई नचिन्ने शिक्षाको के काम ? स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा आफ्नो गाउँठाउँको ऐतिहासिक महत्व, भूगोल, संस्कृति, प्रकृति, परम्परागत ज्ञान-सीप समेटिएको हुन्छ यसले बालबालिकालाई आफ्नो बारेमा र आफ्ना पुर्खाको भोगाइ र सीपको वारेमा जानकारी प्राप्त हुन्छ। कमसेकम अब स्थानीय पाठ्यक्रम बनाएर यस्ता कुरा समावेश गरी पाठ्यपुस्तक लेखियो भने नानीहरूले परम्परागत सीपलाई धेरै हेलाँ गर्ने छैनन् । यी सीप नयाँ पुस्तामा हस्तान्तरण भएपछि यथास्थितिको सीपलाई समयानुकूल परिमार्जन गरी उनीहरू आत्मनिर्भर हुने संभावनालाई मध्यनजर गरी स्थानीय अभिभावक, स्थानीय सरकार, बुद्धिजीवी सबैको ध्यान केन्द्रित गर्न जरुरी छ। स्थानीय संस्कृति, वहुभाषिक संस्कार, वहुआयमिक पक्षहरु, स्थानीय समस्याहरु, स्थानीय विपदका स्रोतहरु र त्यस्ता विपद् वाट वँच्ने उपाय समेत बालबालिकाले प्रत्यक्ष भोगाइवाट सिक्नेछन् । यो प्रायोगिक पाठ्यक्रमको एक अभिन्न अंग पनि हो। परिवर्तित सन्दर्भ र समयानुसार तथा विद्यार्थीको घरआँगनकै ज्ञानका विविध पक्षमा, उद्योग र प्राकृतिक स्रोत तथा त्यसको सन्तुलित प्रयोगको सन्दर्भमा समेत यो पाठ्यक्रम महत्वपूर्ण हुनेछ। यस पाठ्यक्रमको औचित्य निम्नानुसार छ।

☞ बेनीघाट रोराङ गाउँपालिकाको हालसम्म आफ्नै स्थानीय पाठ्यक्रम नभएको,

☞ केन्द्रीय पाठ्यक्रममा यस गाउँपालिकाका भौतिक, शैक्षिक, साँस्कृतिक पक्षहरु पूर्ण रुपले समावेश नभएकाले यस पाठ्यक्रममा यी पक्षहरु समावेश गर्नुपर्ने आवश्यकता रहेको,

☞ स्थानीय पाठ्यक्रम/भाषा अन्तरगत अंग्रेजी वा अन्य विषय विद्यालयमा शिक्षण भइरहेको जुन राज्यको नीति विरुद्ध रहेकोले यस विषयको पाठ्यक्रम कार्यान्वयन गरी नीतिको प्रभावकार ी कार्यान्वयन गर्न आवश्यक भएको,

☞ आफैले आफैलाई चिन्न सक्ने व्यवहारिक, मौलिकता प्रधान पाठ्यक्रमको अभाव रहेको,

☞ बेनीघाट रोराङको विकास र समृद्धिमा सबैको योगदानलाई एकीकृत गर्न बालबालिकालाई तयार गर्नुपर्ने भएको ।

## ४. पाठ्यक्रम विकासमा अवलम्वन गरिएका सिद्धान्त तथा प्रक्रिया

यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा उल्लेख गरिएको सिद्वान्तकै सैद्वान्तिक अवधारणामा विकास गरिएको छ। पाठ्यक्रमलाई सक्षमतामा आधारित वनाउन कक्षा १–८ को सक्षमता पहिचान गरिएको छ । पाठ्यक्रमलाई बालकेन्द्रित बनाउदै गर्दै सिक्ने परियोजना, खोज विधि र आविष्कार केन्द्रित गर्ने गरी मनोवैज्ञानिक सिद्वान्तलाई आधार बनाइएको छ । यस पाठ्यक्रममा व्यावहारिक विकासको पक्ष, दैनिक जीवनको अभिन्न अंग र बेनीघाट रोराङ गाउँपालिकाको विकासको दीर्घकालीन रणनीतिक दृष्टिकोणलाई समेत आधार बनाइएको छ। राष्ट्रिय पाठ्यक्रमसंगको परिपुरकको सम्बन्ध स्थापित गराइएको छ। बालबालिकाको मानसिक विकासका चरण र क्षमतालाई मुख्य आधार बनाउदै पाठ्यक्रमलाई सान्दर्भिक बनाइएको छ ।

## ५. स्थानीय पाठ्यक्रम सम्बन्धी विभिन्न नीतिगत दस्तावेजमा भएका व्यवस्था र विकास प्रक्रिया

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रूपमा प्रस्ट्याउने क्रममा नेपालका विभिन्न नीतिगत दस्तावेजमा रहेका प्रावधानलाई हेर्नुपर्छ। विभिन्न दस्तावेज र नीतिहरूमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको छ :

### क) नेपालको संविधान

वि.सं. २०७२ सालमा जारी नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था अन्तर्गत धार ा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ। यसको उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ ।

अतः यसलाई व्यवहारतः कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रममार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सीप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ। यसका लागि स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन नै एक सशक्त माध्यम रहेको छ ।

### ख) पन्ध्रौं योजना (२०७६/०७७-२०८०/८१)

पन्ध्रौं योजनाको उद्देश्य प्राप्तिका लागि परिलक्षित मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रममार्फत् सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने रणनीतिलाई विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकताअनुसार माध्यम भाषाको रूपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई सङ्घीय तहबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ भन्ने कार्यनीति मार्फत प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

### ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ । यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ ।

### घ) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३

नेपाल सरकारले विद्यालय शिक्षाको मूल दस्तावेजका रूपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरिएको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेकाले नेपालमा निम्नानुसारका अभ्यास हुन थालेको पाइन्छ भनी यस प्रारूपले उल्लेख गरेको छ :

(क) स्थानीय पाठ्यक्रमका सामान्य पथप्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने,

(ख) केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने,

(ग) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।

### ङ) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले  निर्णय लिने छ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ ।

## च) राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९

वि.स. २०४७ साल फागुन १४ गते गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा सरकारसमक्ष प्रतिवेदन पेस गरेको थियो । यस प्रतिवेदनले परिवर्तित सन्दर्भलाई अङ्गीकार गरी भावी पाठ्यक्रमका बारेमा देहाय बमोजिमको समस्या उल्लेख गर्दै विभिन्न विषयमा सिफारिस गरेको छ :

(क) ग्रामीण परिवेशसंग सान्दर्भिक कार्यकलाप पाठ्यक्रममा नराख्नुका कारण धेरैजसो केटाकेटी विद्यालयका शैक्षिक क्रियाकलापमा कुनै चाख दिँदैनन् र विद्यालय छोडिदिन्छन् ।

(ख) जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रूपले समायोजन गरी ज्ञान र समझदारीको विकास गर्नुपर्दछ ।

(ग) प्राथमिक तहको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाउँदो सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ । यसलाई क्षेत्रीय वा स्थानीय आवश्यकतालाई सुहाउँदो व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

(घ) कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गर ी लागू गर्न चाहेमा त्यस्तो पाठ्यक्रम शिक्षाका उद्देश्य र लक्ष्यसँग तालमेल खानुपर्छ र नेपाल सर कार, शिक्षा मन्त्रालयबाट स्वीकृत गरिएको हुनुपर्छ ।

### छ) विद्यालय क्षेत्र विकास योजना

सन् २०१६ देखि सन् २०२२ सम्मका लागि ल्याइएको विद्यालय क्षेत्र विकास योजनाले सीप सिकाउने सन्दर्भमा परम्परागत तथा स्थानीय ज्ञानको प्रयोग कसरी भइरहेको छ, सोको खोजी गर्ने र मातृभाषा, राष्ट्रिय भाषा तथा अन्तर्राष्ट्रिय भाषा गरी शिक्षण सिकाइका माध्यमका रूपमा त्रैभाषिक नीति अवलम्बन गर्ने व्यवस्था गरेबाट स्थानीय मातृभाषाको जगेर्ना र प्रयोगलाई संवर्द्धन गरेको छ ।

### ज) प्राथमिक शिक्षा पाठ्यक्रम, २०६३ र २०६५

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६३ तथा २०६५ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेको छ । यसमा निम्नानुसार हुनुपर्ने व्यवस्था गरिएको छ :

(क) विद्यालयमा पठन पाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने,

(ख) मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेसा व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठन पाठन गराउन सकिने,

(ग) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तर र स्रोतकेन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने,

(घ) पाठ्यक्रममा स्थानीय अंश : सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्य सामग्री विद्यालय आफैँले निर्माण गर्न सक्ने छन् । यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घन्टी, सिर्जनात्मक कलाका लागि १९ घन्टी र शारीरिक शिक्षाका लागि १२ घन्टी निर्धारण गरिएको,

(ङ) स्थानीय विषयको पाठ्यक्रमअन्तर्गत संस्कृतका विषयवस्तु पनि पठनपाठन गर्न सकिने ।

### झ) आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९

आधारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रमभन्दा केही फरक व्यवस्था गरिएको छ । यसमा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषय भनी पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । यी विषयलाई प्रस्ट पार्दै भनिएको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने ।

(ख) स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी सीप, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तुसम्बन्धी विषय स्थानीय निकायको परामर्शमा विद्यालय आफैँले छनोट गर्न सक्ने । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्नेछ ।

(ग) मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैँले निर्माण गर्ने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्लास्तरमा र स्रोतकेन्द्रस्तरमा मात्र मिल्ने विषय भएमा स्रोतकेन्द्र स्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने ।

(घ) अन्य विषयका रूपमा कम्प्युटर तथा सूचना प्रविधि, सामाजिक शास्त्र अन्तर्गतका विषय, भाषा समूहका विषय, गणित तथा विज्ञान समूहका विषय, परम्परागत चिकित्सा पद्धति, सहकारी शिक्षा, सङ्गीत, मूर्तिकला, काष्ठकला, वास्तुकलालगायतका मागमा आधारित विषय पर्ने । उपलब्ध साधन र स्रोतका आधारमा पाठ्यक्रम विकास केन्द्रले यस्ता विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्दै जाने ।

## ञ) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६

आधारभूत तहमा पाठयक्रम निर्माण तथा कार्यान्वयन गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

(क) स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयअन्तर्गत मातृभाषा वा मातृभाषा र स्थानीय विषय समावेश गर्नुपर्ने छ । सिर्जनात्मक सीप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ । संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा, किरात मुन्धुमजस्ता परम्परागत शिक्षापद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धति अनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिने छ ।

(ख) संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिनेछ । यस शिक्षामा मातृभाषाका सटट्ामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, किरात लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

(ग) कक्षा १–३ को कूल पाठ्यभार २६ पाठ्यघण्टामध्ये ५ पाठ्यभारको मातृभाषा/स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ । यसप्रकार स्थानीय पाठ्यक्रमका लागि वार्षिक १६० कार्यघण्टा छुट्याइएको छ भने यस्तो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयहरूको समेत सहभागितामा स्थानीय तहले नै गर्नुपर्ने छ ।

### ट) आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६–८) २०७७

आधारभुत शिक्षा पाठ्यक्रममा कक्षा ६–८ मा भने स्थानीय आवश्यकता तथा मागका आधारमा स्थानीय तहको समन्वयमा विद्यालयले मातृभाषा वा कुनै एक स्थानीय विषय वा संस्कृत विषय अध्यापन गराउन सक्ने व्यवस्था गरेको छ ।

## ६. स्थानीय पाठ्यक्रमको ढाँचा

क) परिचय
ख) तहगत सक्षमता
ग) कक्षागत सिकाइ उपलब्धि
घ) सिकाइ सहजीकरण प्रक्रिया
ङ) विद्यार्थी मूल्याङ्कन प्रक्रिया
च) विषयवस्तुको विस्तृतीकरण

## ७. विषय क्षेत्र

यो स्थानीय पाठ्यक्रम सरकारी र निजी दुवै विद्यालयमा लागू हुनेछ । यस स्थानीय पाठ्यक्रममा तपसिल वमोजिमको संख्यामा क्षेत्र राखी विषयवस्तु सिकाई अनुभवलाई संगठित गरिनेछ ।

क्षेत्र-१ मा बेनीघाट रोराङ गाउँपालिकाको परिचय,
क्षेत्र-२ मा स्थानीय पेशा व्यवसाय र बजार
क्षेत्र-३ मा बेनिघाट रोराङ गाउँपालिकाको ऐतिहासिक गतिविधि
क्षेत्र-४ मा स्थानीय प्राकृतिक सम्पदा र वातावरण
क्षेत्र-५ मा स्थानीय सामाजिक र साँस्कृतिक मूल्य मान्यताहरु
क्षेत्र-६ मा भूगोल र जनसंख्या
क्षेत्र-७ मा सडक सुरक्षा र विपद व्यवस्थापन
क्षेत्र-८ मा स्थानीय सडक र बाटोघाटो
क्षेत्र-९ मा स्थानीय पर्यटकीय र धार्मिक स्थल

## ८. विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरु

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरु निम्नानुसार रहेका छन् :

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

(ख) संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति वफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान एवम् जिम्मेवार नागरिक तयार गर्ने,

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सीपयूक्त नागरिक तयार गर्ने,

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरुपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

(छ) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

(ज) वैज्ञानिक अवधारणा, सत्य, तथ्य, सीप, सिद्वान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमूखी जनशक्ति तयार गर्ने,

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनउपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने,

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरुको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

(ट) जलवायू परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोप प्रति सचेत रहि सम्भाविक जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरीक तयार गर्ने,

(ठ) सामाजिक न्यायमा आधारित समृद्व राष्ट्र निर्माणका निम्ति बवश्यक मानव संसाधनको विकास गर्ने ।

## ९) विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

### क) कक्षा १–३ को क्रियाकलापमा आधारित पाठ्यक्रम संरचना

| क्र. स. | विषय सम्बन्धी क्रियाकलाप | पाठ्य घण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकास सम्बन्धी क्रियाकलाप (गणित) | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप (सेरोफेरो) | ८ | २५६ |
| ५. | मातृभाषिक सिप तथा स्थानीय विषय वस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | **जम्मा** | २६ | ८३२ |

### ख) आधारभूत शिक्षा कक्षा ४–५ को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय | पाठ्य घण्टा | कार्य घण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ शारिरीक र सि.कला | ३ | ९६ |
| ७ | स्थानीय विषय | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

## ग) आधारभुत शिक्षा कक्षा ६–८ को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ शारीरिक (सिर्जनात्मक कला) | ३ | ९६ |
| ७ | स्थानीय विषय वा मातृभाषा वा संस्कृत भाषा | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

## घ) माध्यमिक शिक्षा कक्षा ९–१० को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन | ४ | १२८ |
| ६ | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७ | ऐच्छिक द्वित्तीय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

## ङ) माध्यमिक शिक्षा कक्षा ११–१२ को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ३ | ९६ |
| २ | अंग्रेजी | ४ | १२८ |
| ३ | सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा वा गणित | ५ | १६० |
| ४ | ऐच्छिक प्रथम | ५ | १६० |
| ५ | ऐच्छिक द्वित्तीय | ५ | १६० |
| ६ | ऐच्छिक तृतीय | ५ | १६० |
| | जम्मा | २७ | ८६४ |

## १०) स्थानीय  पाठ्यक्रम विकास एवम् कार्यान्वयनमा विभिन्न निकायको भूमिका

(क) **विद्यार्थी** : आधारभूत तह कक्षा १- ८ पढने विद्यार्थीको रुचि, आवश्यकता र चाहनालाई आधार मानेर स्थानीय पाठ्यक्रम विकास गर्नु पर्दछ । जुन भुगोल र समुदायका बालबालिकाहरुका लागि पाठ्यक्रम विकास गरिएको छ त्यसले उक्त भुगोल र समुदायसंग सम्बन्धित सिकाई अनुभव एवम विषयवस्तुलाई सम्वोधन गरेको हुनु पर्दछ । स्थानीय पाठ्यक्रम विकास र परिमार्जन एवम् कार्यान्वयनको समयमा आफ्नो संलग्नता र क्रियाशिलता हुनु पर्दछ ।

(ख) **शिक्षक** : विद्यार्थीको उमेर, रुचि, क्षमता, शैक्षिक सामग्रीको उपलब्धता, विद्यालयको वातावरण, पाठ्यक्रमबाट प्राप्त उपलब्धि, विषयवस्तु आदिका पक्षमा गहन छलफल गरी विकास गर्नु पर्दछ ।

(ग) **अभिभावक** : विद्यार्थीका अपेक्षा, आवश्यक विषयवस्तु, सिकाइ प्रक्रिया आदि विषयका बारेमा छलफल गरी सुझाव दिनु पर्दछ ।

(घ) **शिक्षक-अभिभावक संघ** : बालबालिकाको अध्ययन अध्यापन, सिकाई प्रक्रिया, स्थानीय पाठ्यक्रमका विषयवस्तु र कार्यान्वयनका बारेमा छलफल गरी सुझाव दिनु पर्दछ ।

(ङ) **विद्यालय व्यवस्थापन समिति** : स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका क्रममा देखा पर्ने वा आइ पर्ने समस्या र सो समाधानका बारेमा छलफल गरी सुझाव दिनु पर्दछ ।

(च) **वडा कार्यालयः** वडा शिक्षा समितिले आफ्नो वडावासी विशेषगरी बालबालिका लक्षित स्थानीय आवश्यकता र स्थानीय सिकाई अनुभवहरु सहित आवश्यक सुझाव दिनु पर्दछ। यसको अतिरिक्त स्थानीय पाठ्यक्रमको विकास र लागू गर्नका लागि क्षमता विकासमा स्रोतको प्रवन्धमा समेत सहजीकरण गर्नु पर्दछ ।

(छ) **गाउँ कार्यपालिकाको कार्यालयः** स्थानीय पाठ्यक्रम समन्वय समिति तथा गाउँ शिक्षा समितिको प्रत्यक्ष समन्वय र निर्देशनमा समग्र गाउँपालिका क्षेत्रका सवै सिकाई अनुभव र सिकाईका क्षेत्र केन्द्रित विषयवस्तु एवम् पाठ्यसामग्रीहरु स्थानीय पाठ्यक्रममा समावेश भए नभएको यकिन गरी र सोको सहज र प्रभावकारी कार्यान्वयनका लागि अनुगमन सुपरीवेक्षण सहित उपयुक्त राय सुझाव प्रदान गर्नुको अतिरिक्त आवश्यकता अनुसार प्राविधिक कार्यदल गठन र कार्यक्षेत्राधिकार प्रदान गर्नु पर्दछ । यसको विकास र प्रभावकारी लागू एवम् कार्यान्वयनको लागि स्रोत साधनको व्यवस्थाको अतिरक्त विद्यालयमा कार्यरत शिक्षण जनशक्ति क्षमता विकासको अवसर र वातावरण तयार गर्नु पर्दछ ।

## ११. परिचय

पाठ्यक्रम शिक्षाको लक्ष्य प्राप्तिका लागि तयार पारिएको योजना हो । सिकारुका रुचि, आवश्यकता एवम् अपेक्षालाई सम्बोधन गर्ने मुख्य सामग्री पाठ्यक्रम हो । पाठ्यक्रम विकास गर्ने जिम्मेवारी पाएको पाठ्यक्रम विकास केन्द्रबाट तयार पारिएको केन्द्रमुखी पाठ्यक्रमले मात्र स्थानीय आवश्यकता र परि वेशलाई सम्बोधन गर्न सक्दैन । त्यसैले स्थानीय आवश्यकता र मागलाई पूरा गर्न कुनै एक विषयको पाठ्यक्रम स्थानीय तहमा तयार गरी कार्यन्वयन गर्न सकिने प्रावधान वर्तमान विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा राखिएको छ ।

नेपाल भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय र भाषिकरूपमा विविधता भएको देश हो । यी विविधतालाई सम्वोधन गर्न केन्द्रीय पाठ्यक्रमबाट सम्भव हुँदैन । स्थानीय ज्ञान, सिप र प्रविधिमा सक्षमताहरू प्रदान गर्ने मुख्य अभिप्रायका साथ स्थानीय पाठ्यक्रमको अवधारणा ल्याइएको हो ।

स्थानीय आवश्यकताका विषयवस्तुहरूलाई समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको पाठ्यसामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रमअनुरूप कक्षाकोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद्व्यवस्थापन आदि विषयहरू समावेश गर्न सकिन्छ, जसलाई स्थानीय पाठ्यक्रम विकास तथा कार्यन्वयन मार्गदर्शन, २०७६ ले दिशानिर्देश गरेको छ ।नेपालको हालको संविधानले समेत माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनमा स्थानीय तहमा अधिकार प्रत्यायोजन गरिसकेकाले पनि स्थानीय तहको अगुवाइमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता समेत हो । त्यसैगरी स्थानीय पाठ्यक्रमलाई प्राथमिक शिक्षा पाठ्यक्रम २०६२/२०६५, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, स्थानीय पाठ्यक्रम प्रारूप २०७१ र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले समेत आधार र मार्गदर्शन प्रदान गरेको छ ।

स्थानीय स्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक ढाँचा नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रमअनुरूप कक्षाकोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषयहरू समावेश गर्न सकिन्छ । यसलाई स्थानीय पाठ्यक्रम मार्गदर्शन, २०७६ ले निर्दिष्ट गरेको छ । आधारभूत शिक्षा पाठ्यक्रम, २०७६ (कक्षा १–३) अनुसार ती कक्षाहरूमा ५ पाठ्यभारको स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको जिम्मा स्थानीय सरकारलाई दिइएको छ । त्यस्तै आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०७७ का अनुसार कक्षा ६-८ मा समेत ४ पाठ्यभारको स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्न सकिने व्यवस्था छ ।

यसअनुसार वार्षिक १२६ घण्टा स्थानीय पाठ्यक्रम पठनपाठन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै कक्षा ४ र ५ को आधारभूत तहको पाठ्यक्रममा समेत ४ पाठ्यभारको स्थानीय पाठ्यक्रमको प्रावधान रहेको छ।

यसै सिलसिलामा धादिङ जिल्ला बेनिघाट रोराङ गाउँपालिका अन्तर्गतका विद्यालयहरूका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि गाउँपालिकाका प्रमुखसहित गाउँ कार्यपालिकाका सदस्यहरू, गाउँ शिक्षा समितिका सदस्यहरु, विद्यालयका प्रधानाध्यापक, शिक्षक, स्थानीय शिक्षा प्रेमी, बुद्धिजीवी तथा सङ्घसंस्थाहरूको उपस्तिथितिमा मिति २०७८ असार ७ गते भएको छलफलले स्थानीय पाठ्यक्रम विकासको आधार तयार पारेको थियो। यो स्थानीय पाठ्यक्रम गाउँ कार्यपालिकाको मिति २०७८ श्रावण ९ गतेको बैठकको निर्णयअनुसार स्वीकृत भई मिति २०७८ श्रावण १० गते गाउँ सभाले अनुमोदन गरेपछि कार्यान्वयनमा आएको छ।

## १२. तहगत सक्षमता

आधारभूत तह (कक्षा १–८) को अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन्:

१. बेनीघाट रोराङ गाउँपालिकाको भौगोलिक, ऐतिहासिक, पुरातात्विक, सामाजिक एवम् सांस्कृतिक सम्पदाहरूको खोजी, पहिचान र संरक्षणमा सहयोग गर्न,

२. स्थानीय प्राकृतिक र वातावरणीय महत्वका स्थलहरूको विशेषता बोध तथा संरक्षण र संवर्धनका लागि स्थानीय निकायसँग सहकार्य गर्न,

३. स्थानीय पर्यटकीय गन्तव्यहरूको पहिचान, महत्व र सम्भावनाहरूको खोज तथा प्रस्तुति गर्न,

४. स्थानीय सार्वजनिक सङ्घसंस्था र निकायहरूको परिचय बोध र कार्यसमीक्षा गर्न,

६. स्थानीय ज्ञान, सिप र प्रविधिको पहिचान एवम् स्थानीय पेसा र आयआर्जनका गतिविधिहरूमा संलग्न हुन,

७. स्थानीय शैक्षिक अवस्था र गतिविधिको बोध तथा प्रस्तुति गर्न,

८. स्थानीय सरकारको संरचना, गठन प्रक्रिया, सेवा तथा अवसरहरूको खोज तथा प्रस्तुति गर्न,

९. स्थानीय उत्पादन र आय आर्जनको परिचय तथा अवस्था पहिचान गर्न,

१०. स्थानीय विपद्सँग परिचित भई त्यसका असर र सावधानीका उपायहरूको पहिचान र अवलम्बन गर्न,

११. स्थानीय खेतीपाती र पशुपालनसम्बन्धी जानकारीको बोध तथा प्रस्तुति गर्न।

## १३. कक्षागत सिकाइ उपलब्धिहरू

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| १. बेनीघाट रोराङ परिचय | १. आफनो गाउँपालिकाको नाम, वडा र आफू बस्ने स्थानको नाम बताउन | १. आफू बस्ने स्थानको सामान्य परिचय दिन | १. आफ्नो गाउँपालिकाको भौगोलिक स्वरूप, क्षेत्रफल र सिमाना उल्लेख गर्न | १. आफ्नो गाउँपालिकाको मुख्य नदीको परिचय दिन र महत्व बताउन<br>२. आफ्नो गाउँपालिकाको अग्लो र होचो भूभाग एवम् टार र बेँसीहरूका नाम बताउन | १. आफू बसेको वडाको संरचना र सेवा बताउन | १. आफ्नो स्थानीय सरकारको परिचय र काम कर्तव्य र अधिकार बताउन<br>२. बेनीघाट रोराङ गाउँपालिकाका हालका वडा र पहिलाको गाविस संरचनाको अवस्था पहिचान गर्न | १. बेनीघाट रोराङ गाउँपालिको गठन प्रक्रिया उल्लेख गर्न<br>२. बेनीघाट रोराङ गाउँपालिकाले दिने सेवाहरू बताउन | १. बेनीघाट रोराङको शिक्षा र साक्षरताको अवस्था पहिचान गर्न<br>२. आफू बसेको जिल्लाको परिचय दिन |
| २ .स्थानीय पेसा व्यवसाय र बजार | २. आफ्नो समुदायका मानिसको काम र पेसा बताउन | २. स्थानीय पेसा र व्यवसायको नाम बताउन | २. स्थानीय पेसा र व्यवसायको महत्व बताउन | ३ . स्थानीय कृषि व्यवसायको सामान्य परिचय दिन | २. स्थानीय जीविकोपार्जनको अवस्था पहिचान गरी स्थानीय बजारको महत्व बताउन | ३. स्थानीय पेसा र उत्पादनको पहिचान गरी महत्व बताउन | ३. स्थानीय कला र सिपको परिचय दिन र सम्मान गर्न एवम् सिपको अभ्यास गर्न | ३. बेनिघाट रोराङका मुख्य व्यापारिक केन्द्रको परिचय र महत्व बताउन |
| ३. बेनीघाट रोराङको ऐतिहासिक गतिविधि | ३. आफ्नो पुर्खाको विगत बताउन | ३. आफ्ना साथीका पुर्खाका विगत बताउन | ३. बेनीघाट रोराङको ऐतिहासिक स्थलहरूको नाम भन्न | ४. आफू बसेको गाउँबस्तीको ऐतिहासिक पक्षहरू खोजी गर्न | ३. बेनीघाट रोराङ नाम रहनुका कारणहरू पहिचान गर्न | ४. यहाँको बस्ती र इतिहासको सामान्य वर्णन गर्न | ४. आफ्नो गाउँपालिकाका ऐतिहासिक व्यक्तित्वको परिचय दिन | ४. बेनीघाट रोराङका ऐतिहासिक घटनाहरूको पहिचान र सम्मान गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. स्थानीय प्राकृतिक सम्पदा र वातावरण | ४. आफ्नो घरवरपर रहेका बोट-बिरुवाहरूको पहिचान गर्न | ४. आफ्नो घरवरपर रहेका बोट-बिरुवाहरूको महत्व बताउन | ४. स्थानीय बोटबिरुवाको सामान्य परिचय दिन | ५. स्थानीय बोटबिरुवाको विशेषता र महत्व उल्लेख गर्न | ४. स्थानीय जडीबुटी हरूको पहिचान गरी तिनको आवश्यकता र प्रयोगका क्षेत्र बताउन | ५. स्थानीय जडीबुटीहरूको पहिचान, महत्व र उपयोगिता खोजी गर्न | ५. प्राकृतिक सम्पदा र वातावरण संरक्षणका स्थानीय अभ्यासहरूको खोजी गर्न | ५. प्राकृतिक सम्पदा र वातावरण संरक्षणमा स्थानीय सरकारबाट भएका कार्यहरूको सूची तयार पार्न |
| ५. स्थानीय सामाजिक सांस्कृति कमूल्यमान्यताहरू | ५. स्थानीय धार्मिक स्थलहरूको नाम बताउन<br>६. स्थानीय स्तरमा मनाइने चाडपर्वको नामको सूची तयार पार्न | ५. स्थानीय स्तरमा मनाइने विभिन्न जात्राको नाम र हुने ठाउँ बताउन<br>६. स्थानीय पर्व र मेलाको सामान्य परिचय दिन | ५. स्थानीय चालचलन र रीतिरिवाजमा गरिने मुख्य मुख्य गतिविधि उल्लेख गर्न<br>६. स्थानीय स्तरमा बोलिने भाषाहरूको नाम भन्न | ५. स्थानीय जात्रा र संस्कारको मुख्य मुख्य गतिविधिहरू बताउन<br>६. स्थानीय स्तरमा बोलिने भाषाहरूको सामान्य परिचय दिन | ५. स्थानीय स्तरमा रहेका विभिन्न जातजातिहरूको स्थानीय परम्परा, रीतिरिवाज र संस्कारसँग परिचित हुन<br>६. स्थानीय स्तरमा बोलिने भाषाको सामान्य परिचय र महत्व उल्लेख गर्न | ६. स्थानीय स्तरमा रहेका विभिन्न जातजातिहरूको स्थानीय परम्परा, रीतिरिवाजको पहिचान र सम्मान गर्न<br>७. आफ्नो पालिकामा बोलिने भाषाको सम्मान र संरक्षण गर्न | ६. स्थानीय स्तरमा रहेका विभिन्न जातजातिहरूको स्थानीय परम्परा, रीतिरिवाजको परिचय दिन र सम्मान एवम् संरक्षण गर्न | ६. .स्थानीय स्तरमा हुने विभिन्न जात्राहरूको महत्व बोध गर्न<br>७. विभिन्न लोपोन्मुख जातिहरूको परम्परा, रीतिरिवाज र संस्कारको परिचय दिन र महत्व बोध गर्न |
| ६ भूगोल र जनसङ्ख्या | ७. आफ्नो गाउँको नाम भन्न र सामान्य परिचय दिन | ७. आफ्ना गाउँको सिमाना, खोला, वनजङ्गल आदिको सामान्य परिचय दिन | ७. आफ्नो छिमेकी गाउँ र वडाको नाम नाम बताउन | ७. आफ्नो वडाको सामान्य परिचय दिन | ७..स्थानीय तहमा रहेका खानीहरूको पहिचान र महत्व उल्लेख गर्न<br>८. मुख्य बजारहरूको गतिविधिहरूको सामान्य जानकारी प्राप्त गर्न | ८. स्थानीय तहमा रहेका विभिन्न उद्योगहरूको परिचय र महत्व बताउन<br>९. मुख्य बजार र आर्थिक क्रियाकलाप उल्लेख गर्न | ७. बेनीघाटरोराङको जनसङ्ख्याको चार्ट र तालिकामा प्रस्तुत गर्न<br>८. मुख्य बजार र स्थानीयबीचको आर्थिक सामाजिक क्रियाकलापको खोजी गर्न | ८. खानी संरक्षका उपायहरू खोजी गर्न<br>९. नयाँ सहरका रूपमा बेनिघाट रोराङको अवस्था वर्णन गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७.सडक सुरक्षा र विपद् व्यवस्थापन | ८.बाटामा हेरेर हिँड्नुपर्ने कुरा बताउन र सोही अनुरूप अभ्यास समेत गर्न | ८.सडक पार गर्न आफूभन्दा ठुला मानिसको सहयोग लिन | ८.सडकमा हुने दुर्घटनाका कारणहरू बताउन | ८.सडक पार गर्दा अपनाउनुपर्ने सावधानीहरू उल्लेख गरी व्यावहारिक अभ्यास समेत गर्न | ९.ट्राफिक नियमको पालना गर्न<br>१०.टाफिक चिह्न चिन्न र महत्व बताउन<br>११ स्थानीय स्तरमा हुने विपद्को सूची तयार पार्न | १०.सडकमा हिँड्दा ध्यान दिनुपर्ने कुराहरू बताउन<br>११.स्थानीय स्तरमा हुने विपद्मध्ये बाढी र पहिरोले पुऱ्याउने क्षति र सावधानीका उपायहरू उल्लेख गर्न | ९.सडकमा राखिएका खतराका चिह्न र क्षेत्रहरू पहिचान गर्न<br>१०.स्थानीय स्तरमा हुने विपद् मध्ये हावाहुरी र डढेलोले पुऱ्याउने क्षति र सावधानीका उपायहरू उल्लेख गर्न | १०.सवारी साधन प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा बताउन<br>११.चट्याङ्को परिचय दिन र यसबाट बच्ने उपायहरू बताउन |
| ८.स्थानीय सडक र बाटोघाटो | ९.आफनो गाउँमा रहेको सडक र बाटोघाटोको नाम भन्न | ९.आफ्नो पालिका हुँदै जाने राष्ट्रिय सडकको सामान्य परिचय दिन | ९.स्थानीय सडकको सामान्य परिचय र महत्व उल्लेख गर्न | ९.स्थानीय ग्रामीण सडक परिचय र आवश्यकता बताउन | १२.स्थानीय कृषि सडकको परिचय र आवश्यकता बताउन | १२.स्थानीय ग्रामीण सडकले त्यहाँको जनजीवनमा ल्याएको परिवर्तन खोजी गर्न | ११.स्थानीय ग्रामीण सडकले त्यहाँको आयआर्जनमा पारेको प्रभाव उल्लेख गर्न | १२.स्थानीय सडकले समग्र पालिकाको आर्थिक सामाजिक विकासमा पारेको प्रभाव खोजी गर्न |
| ९.स्थानीय पर्यटकीय र धार्मिक स्थल | १०.आफ्ना घरवरपरका रमाइला ठाउँहरूको नाम र रमाइलो लाग्नाका कारणहरू बताउन | १०.आफ्नो गाउँ वरपरको वनभोज स्थल र पर्यटकीय स्थलहरूको नाम बताउन | १०.आफ्ना पालिकाका पर्यटकीय स्थलहरूको सामान्य परिचय दिन | १०.ग्रामीण पर्यटकीय स्थलहरूको पहिचान र महत्व बताउन | १३. आफ्ना पालिकाका पर्यटकीय स्थलहरूको परिचय, विशेषता र उपादेयता उल्लेख गर्न | १३.आफ्ना पालिकाका केही पर्यटकीय गन्तव्यहरूको विशेषता र महत्व खोजी गर्न | १२.स्थानीय पर्यटनका सम्भावनाहरूको खोजी गर्न | १३.स्थानीय पर्यटनका सम्भावना र चुनौती उल्लेख गर्न र संरक्षण कार्यमा सरिक हुन |

## १४. सिकाइ सहजीकरण क्रियाकलाप

स्थानीय विषयको शिक्षण सिकाइ गर्दा सकेसम्म कक्षाभित्र भन्दा बाहिर गरिने क्रियाकलापमा जोड दिनुपर्दछ । यसका लागि स्थलगत अवलोकन, विषय वस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, छलफल तथा अन्तर्क्रिया आदि गराउन सकिन्छ । सैद्धान्तिक भन्दा व्यवहारिक र बालकेन्द्रित सिकाइ विधिहरू अपनाउनुपर्दछ । धार्मिक एवम् पर्यटकीय क्षेत्रका बारेमा शिक्षण गर्नका लागि बालबालिकाहरूलाई स्थानीय पर्यटकीय महत्वको स्थानको भ्रमण र अवलोकन गराई छलफल गराउनुपर्दछ । त्यस्तै स्थानीय पर्यटन व्यवसायीसँग भेट गराई छलफल गराउन पनि सकिन्छ । पर्यटन व्यवसायलाई विकास गर्ने विभिन्न वस्तुको खोजी गराउने क्रियाकलाप गराउन पनि सकिन्छ। स्थानीय सामाजिक सांस्कृतिक क्षेत्रको सिकाइ सहजीकरणका लागि क्षेत्र भ्रमण, परियोजना कार्य आदिलाई जोड दिनुपर्दछ। त्यसै गर ी अन्य विषयवस्तुका लागि पनि त्यससँग सम्बन्धित व्यक्तिलाई स्रोतव्यक्तिका रूपमा उपयोग गर्न सकिन्छ । स्थानीय आवश्यकता र अनुकूलताअनुसार छलफल, स्थलगत अध्ययन भ्रमण, अवलोकन, प्रयोगात्मक अभ्यास, प्रदर्शन, सहभागिता, परियोजना कार्य, प्रश्नोत्तर, स्रोतव्यक्ति आमन्त्रण आदि जस्ता क्रियाकलाप र विधि प्रयोगमा ल्याउन सकिन्छ । यसरी बढीभन्दा बढी प्रयोग, अवलोकन र अभ्यासको वातावरण तयार गर्ने एवम् खोज र अन्वेषण जस्ता गरेर सिक्ने विधिलाई सिकाइ सहजीकर ण कार्य गर्दा जोड दिनुपर्दछ ।

## १५. मूल्याङ्कन प्रक्रिया

स्थानीय पाठ्यक्रम अन्तर्गतको स्थानीय विषय पनि केन्द्रीय पाठ्यक्रमकै एक अंश भएको हुनाले यसको मूल्याङ्कन पनि केन्द्रीय पाठ्यक्रमले निर्देश गरेअनुसार नै गर्नुपर्छ । मूल्याङ्कनका सबै तरिका अवलम्बन गरिएता पनि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनकै क्रममा बालबालिकाले गरेका क्रियाकलापको अवलोकन गरी निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्दछ । प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका बनाई अभिलेख राख्नुपर्छ । लिखित परीक्षालाई भन्दा निरन्तर मूल्याङ्कनलाई महत्व दिएर मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीको सिकाइ सहभागिता, व्यवहार परिवर्तन, साथी सहपाठी मूल्याङ्कन, प्रतिवेदन तयारी र प्रस्तुति, अभिभावक प्रतिक्रिया, कार्य सञ्चयिका मार्फत मूल्याङ्कन गरी निरन्तर पृष्ठपोषणसमेत प्रदान गर्नुपर्दछ। यस क्रममा मूल्याङ्कनका विधि तथा साधनमा विविधता ल्याउन सकिने छ। तर मूल्याङ्कन जहिले पनि सिकाइलाई सबलीकर ण गर्नका लागि हुनुपर्ने कुरामा शिक्षक सचेत र जिम्मेवार हुनुपर्दछ ।

## १६. विषयवस्तुको विस्तृतीकरण

### कक्षाः १

| क्षेत्र | विषय वस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| १.बेनीघाट रोराङ परिचय | • आफ्नो गाउँपालिका, वडा र आफू बस्ने स्थानको नाम | - विद्यार्थीहरूलाई आफू बसेको स्थानीय तहको नाम भन्न लगाउने ।<br>- नक्सा देखाई स्थानीय तहको चार सिमानाहरू भन्न लगाउने ।<br>- तपाईहरू कुन वडामा बस्नुहुन्छ भनी प्रश्न सोध्ने र सही जवाफ आएमा धन्यवाद दिने, सबैलाई ताली बजाउन लगाउने, प्रोत्साहित गर्ने र नाम भन्न नसक्नेलाई शिक्षकले वडाको नम्बर भन्न सहजीकरण गरिदिने ।<br>- आफू बस्ने स्थानको नाम पालैपालो भन्न लगाउने । | - तपाईंको गाउँपालिकाको नाम के हो ?<br>- तपाईं कति नम्बर वडामा बस्नुहुन्छ ?<br>- तपाईं बस्ने स्थानको नाम भन्नुहोस् । | १५ |
| २.स्थानीय पेसा व्यवसाय र बजार | **आफ्नो समुदायका मानिसको काम र पेसा**<br>• किसान<br>• मजदुर<br>• जागिरे<br>• व्यापारी<br>• शिक्षक | - आफ्नो समुदायका मानिसहरू कसले के के काम गरेको देख्नुभएको छ भनी प्रश्न गर्ने । उनीहरूको जवाफलाई जोड्दै उनीहरूले गरेका कामको प्रशंसा गर्ने ।<br>- कुनै पनि काम सानो ठुलो नहुने कुरा बताउने ।<br>- समुदायमा मानिसहरूले खेती गर्नेकिसान, श्रम गर्ने मजदुर, जागिरे, शिक्षक व्यापारी आदि पेसा गर्ने मानिसहरूको उनीहरूको पेसा सम्बन्धमा सामान्य चर्चा गर्ने र महत्व बताउने ।<br>- समुदायको अवलोकन भ्रमण गराई विभिन्न काम गरिरहेका मानिससँग भेटघाट र छलफल गराउने ।<br>- उनीहरूको परिवारमा कुन कुन पेसा वा काम गर्ने मानिसहरू छन् भन्न लगाउने । | - तपाईंको समुदायका मानिसहरूले गर्ने कुनै पाँचओटा कामको नाम भन्नुहोस् ।<br>- अवलोकन भ्रमणमा विभिन्न मानिसहरूसँग गरेका भेटघाट र छलफलमा आधारित भई मूल्याङ्कन गर्नुहोस् । | १५ |
| ३.बेनीघाट रोराङको ऐतिहासिक गतिविधि | - आफ्नो पुर्खाको विगत | - तपाईंका बुबा र हजुरबुबा पहिले कहाँ बस्नुहुन्थ्यो र अहिले कहाँ बस्नुहुन्छ भनी प्रश्न गर्ने ।<br>- त्यस्तै हजुरबुबा, बुबा, हजुरआमा, आमाले विगतमा के काम गर्नुहुन्थ्यो ? जस्ता प्रश्नहरू सोधी जवाफ भन्न लगाउने ।<br>- हजुरबुबा हजुरआमा, बुबा,आमाले पहिले गर्ने काम र अहिले गर्ने काम सोध्ने र फरक काम भन्न लगाउने<br>- आफ्ना पुर्खाप्रति सम्मान गर्न लगाउने । | - तपाईंका बा पहिले कहाँ बस्नुहुन्थ्यो ?<br>- हामीले हाम्रा पुर्खालाई किन सम्मान गर्नुपर्दछ ? | १५ |

| | | | | |
|---|---|---|---|---|
| ४.स्थानीय प्राकृतिक सम्पदा र वातावरण | आफ्नो घरवरपर रहेका बोटबिरुवाहरूको पहिचान | - विद्यार्थीलाई उनीहरूको घरवरपर पाइने बिरुवाको नाम पालैपालो भन्न लगाउने ।<br>- ती बिरुवाहरूको पात, फूल तथा फल कस्तो र कत्रो हुन्छ, भन्न लगाउने ।<br>- विद्यालयबाहिर लगी विभिन्न बोटबिरुवाहरू अवलोकन गरी त्यसका पातहरू सङ्कलन गर्न लगाउने ।<br>- विद्यार्थीले सङ्कलन गरेका पातहरू, फुलहरू कुन कुन बिरुवाका हुन्, पालैपालो भन्न लगाउने । | - तपाईंको घरवरपर भएका बिरुवाहरूको नाम भन्नुहोस् ।<br>-विद्यार्थीले सङ्कलन गरेका पात, फूल र त्यससँग सम्बन्धित बिरुवाको नाम भन्न सके नसकेको हेरी सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् । | १५ |
| ५.स्थानीय सामाजिक सांस्कृतिक मूल्य मान्यताहरू | स्थानीय स्तरमा मनाइने जात्राको नाम र जात्रा हुने स्थान | - विद्यार्थीहरूले हेरेका वा अनुभव गरेका कुनै जात्रा वा मेलाको नाम भन्न लगाउने ।<br>- स्थानीय स्तरमा हुने विभिन्न जात्राहरूको चित्र, भिडियो, फोटो देखाई छलफल गर्ने ।<br>- स्थानीय स्तरमा हुने विभिन्न जात्राहरूको नाम र जात्रा हुने स्थानको नाम र गरिने मुख्य क्रियाकलाप बताइदिने ।<br>- स्थानीय जात्राको अवसर पारेर जात्रा अवलोकन गराई त्यहाँका मुख्य गतिविधिहरू भन्न लगाउने । | तल दिइएअनुसार मूल्याङ्कन गर्नुहोस् :<br>- तपाईंको समुदायमा लाग्ने जात्राहरूको नाम बताउनुहोस् ।<br>-अवलोकनमा जाँदा विद्यार्थीले पालन गरेको अनुशासन, जिम्मेवारी वहन, स्थानीयसँगको व्यवहार, मुख्य गतिविधि भन्न सके नसकेको आदिको आधारमा मूल्याङ्कन गर्नुहोस् । | १५ |
| | स्थानीय पर्व र मेलाको सामान्य परिचय | - विभिन्न स्थानीय पर्वहरूका भिडियो, फोटो देखाई छलफल गर्ने ।<br>- स्थानीय स्तरमा हुने विभिन्न पर्व र मेलाहरूको नाम र सो मेला लाग्ने स्थान सम्बन्धमा छलफल गर्ने<br>- स्थानीय पर्व र मेला लाग्ने स्थानको भ्रमण गराई अवलोकन गर्न लगाउने । | १. तपाईंको समुदायमा प्रचलित पर्वहरूको सूची तयार पार्नुहोस् ।<br>२. स्थानीय स्तरमा लाग्ने कुनै एक मेलाको छोटो परिचय लेख्नुहोस् । | २० |
| ६.भूगोल र जनसङ्ख्या | आफ्नो गाउँको नाम र परिचय | - विद्यार्थीहरूलाई पालैपालो आफ्नो गाउँको नाम भन्न लगाउने ।<br>- आफ्ना गाउँको सम्बन्धमा अन्य कुराहरू जस्तो गाउँ कस्तो ठाउँमा रहेको छ, गाउँको नजिक रहेका वनजङ्गल, खोला, पहाड सम्बन्धमा प्रश्न सोधी उत्तर भन्न लगाउने ।<br>- आफ्नो गाउँका मनपर्ने वस्तु भन्न लगाउने । | १. तपाईंको गाउँको नाम के हो ?<br>२. तपाईंको गाउँमा पाइने मुख्य मुख्य वस्तुको नाम भन्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| ७. सडक सुरक्षा र विपद् व्यवस्थापन | बाटोमा हिँड्दा ख्याल गर्नुपर्ने कुरा र सो अनुरूप अभ्यास | - बाटामा हिँड्दा तिमीहरू के के कुरा ख्याल गर्छौ भनी प्रश्न गर्ने<br>- बाटामा हिँड्दा ख्याल गर्नुपर्ने कुरालाई विभिन्न चित्र, उदाहरण, कथा आदिमार्फत स्पष्ट पारिदिने | बाटामा हिँड्दा के-के कुरामा ध्यान दिनुपर्दछ ? | १५ |
| ८.स्थानीय सडक र बाटोघाटो | आफनो गाउँमा रहेको सडक र बाटोघाटोको नाम र जोडिने गाउँहरू | - विद्यार्थीलाई आफ्नो घरबाट विद्यालय आउने बाटो सम्बन्धमा प्रश्न सोध्ने, जस्तै :<br>- तिम्रो घरबाट यहाँ आउन कुन बाटो आउँछौ ?<br>- सो बाटो वा सडकलाई के नामले चिनिन्छ ?<br>- तपाईंको गाउँबाट अन्य गाउँ जोड्ने बाटाहरू कस्ता छन् ?<br>- ती बाटाहरूको नाम भन्नसक्नुहुन्छ ? आदि ।<br>- बाटो, सडक, गोरेटो बाटो सम्बन्धमा चित्र देखाई परिचय दिने । | सडक र बाटोमा के फरक छ ? | १५ |
| ९.पर्यटकीय स्थल | आफ्ना घरवरपरका रमाइला ठाउँहरूका नाम र रमाइलो लाग्नाका कारणहरू | - आफ्ना घर वरपर भएका रमाइलो ठाउँहरूको नाम पालैपालो भन्न लगाउने ।<br>- ती ठाउँहरू किन रमाइलो लाग्छन् ? रमाइलो लाग्नाका कारणहरू भन्न लगाउने ।<br>- विभिन्न चित्रहरू जस्तै स्थानीय खोला नदी, गाडी, वनभोज खाइरहेको चित्र देखाउँदै यी वस्तु वा चित्रहरू कहाँ कहाँ देखेका छौ ? ती ठाउँ वा वस्तु तपाईंलाई कस्तो लाग्यो भनी प्रश्न सोध्ने ।<br>- विद्यालय वरपरका विभिन्न रमाइला ठाउँहरूमा विद्यार्थीहरूको भ्रमण गराई उनीहरूलाई के के कुरा रमाइलो लाग्यो ? भन्न लगाउने । | आफ्ना घर वरपरका कुनै दुईओटा रमाइला ठाउँहरूको नाम भन्नुहोस् । | २० |

**कक्षा: २**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|
| १.बेनीघाट रोराङ परिचय | • आफू बस्ने स्थानको सामान्य परिचय र महत्व | - आफू बसेका स्थानको नाम भन्न लगाउने ।<br>- सो स्थान समतल, भिरालो, खोँच कस्तो ठाउँमा पर्छ भन्न लगाउने ।<br>- सुरुमा शिक्षकले आफूबस्ने वरपरको नदी, वनजङ्गलको, बस्ती आदिका बारेमा बताइदिने<br>- त्यस पछि विद्यार्थीहरूलाई आसपास भएका नदी, वनजङ्गल आदिको नाम भन्न लगाउने ।<br>- तपाईंहरू कुन वडामा बस्नुहुन्छ भनी प्रश्न सोध्ने र सही जवाफ आएमा स्याबासी दिने र शिक्षकले वडाको नम्बर भन्न सहजीकरण गरिदिने ।<br>- तपाईं बसेको स्थान केका लागि प्रख्यात छ भनी सोध्ने, जस्तै : खेतीपाती राम्रो हुने, विद्यालय, अस्पतालको सुविधा भएको, मोटर बाटो भएको आदि । यसको आधारमा सो ठाउँको महत्व रहेका सन्दर्भ जोड्ने । | - तपाईं बसेको ठाउँको नाम के हो ?<br>- आफू बसेको स्थानको छोटो परिचय दिनुहोस् ।<br>- तपाईं बस्ने स्थानको कुनै एक महत्व उल्लेख गर्नुहोस् । | १५ |
| २. स्थानीय पेसा, व्यवसाय र बजार | स्थानीय पेसा र व्यवसायको नाम | - विद्यार्थीहरूलाई आफ्नो समुदायमा कसले के के काम गरेको देख्नुभएको छ भनी प्रश्न गर्ने ।<br>- उनीहरूको जवाफलाई जोड्दै उनीहरूले गरेका कामको प्रशंसा गर्ने ।<br>- कुनै पनि काम सानो ठुलो नहुने कुरा बताइदिने<br>- समुदायको अवलोकन भ्रमण गराई विभिन्न काम गरिरहेका मानिससँग भेटघाट र छलफल गराउने ।<br>- कामको महोव झल्कने गीत वा कविता सुनाउने र त्यसको सन्देश अनुमान गर्न लगाउने र अन्त्यमा शिक्षकले सन्देश समेत प्रवाह गर्ने । | - तपाईंको समुदायका मानिसहरूले गर्ने कुनै तीनओटा पेसा वा व्यवसायको नाम भन्नुहोस् ।<br>- अवलोकन भ्रमणमा विभिन्न मानिसहरू सँग गरेका भेटघाट र छलफलमा आधारित भई मूल्याङ्कन गर्नुहोस् । | १५ |
| ३. बेनीघाट रोराङको ऐतिहासिक गतिविधि | - आफ्नो साथीको पुर्खाको विगत बताउन | - तपाईंको मिल्ने साथीका बुबा, हजुरबुबा पहिले कहाँ बस्नुहुन्थ्यो र उहाँहरू के काम गर्नुहुन्थ्यो भनी प्रश्न गर्ने ।<br>- त्यस्तै मिल्ने साथीका हजुरबुबा, बुबा, हजुरआमा, आमाले के काम गर्नुहुन्थ्यो आदि प्रश्नहरू सोधी जवाफ भन्न लगाउने ।<br>- साथीका हजुरबुबा, हजुरआमा, बुबा, आमाले पहिले गर्ने काम र अहिले गर्ने काम सोध्ने र फरक काम भन्न लगाउने । | - तपाईंको साथीको बुबा पहिले कहाँ बस्नुहुन्थ्यो ?<br>- हामीले पुर्खालाई किन सम्मान गर्नुपर्दछ ? | २० |

| | | | | |
|---|---|---|---|---|
| ४.स्थानीय प्राकृतिक सम्पदा र वातावरण | आफ्नो घर वरपर रहेका बोटबिरुवाहरू को महत्व | - विद्यार्थीलाई उनीहरूको घरवरपर पाइने बिरुवाको नाम पालैपालो भन्न लगाउने ।<br>- तीबिरुवाहरू के के काममा प्रयोग हुन्छ, सोधखोज गर्न लगाई महत्व पहिचान गर्न लगाउने ।<br>- विद्यालयबाहिर लगी विभिन्न बोटबिरुवाहरू अवलोकन गर्न लगाउने र तीबिरुवाहरूको आवश्यकता बताई महत्व स्पष्ट पारिदिने । | - तपाईंको घर वरपर भएका बिरुवाहरूको नाम भन्नुहोस् ।<br>- आफ्नो घर वरपर रहेका बोटबिरुवाहरूको महत्व उल्लेख गर्नुहोस्<br>- विद्यार्थीले अवलोकन गरेका बिरुवाहरूको निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस्:<br>- सक्रियता<br>-महत्वको पहिचान,आदि | २२ |
| ५. स्थानीय सामाजिक सांस्कृतिक मूल्य मान्यताहरू | ●स्थानीय धार्मिक स्थलहरूको नाम<br>-महारुद्र इराङ मन्दिर -रिचोक कोट<br>-खैलिङ मन्दिर<br>● स्थानीय चाडपर्वको नाम | ● विभिन्न धार्मिक स्थलहरू, जस्तै : महारुद्र इराङ मन्दिर, रिखिश्वर मन्दिर, रिचोक कोट, खैलिङ मन्दिरका चित्र र फोटा प्रदर्शन गरी धार्मिक स्थलहरूको नाम अनुमान गर्न लगाउने र त्यहाँ हुने धार्मिक गतिविधि बताउने ।<br>- विद्यालय वरपर रहेका धार्मिक स्थलको अवलोकन भ्रमण गराई छलफल गराउने ।<br>- स्थानीय समुदायमा जातजाति, उनीहरूले मनाउने चाडपर्व र धार्मिक अवस्था बताउने तथा छलफल गर्ने।<br>- चाडपर्व मनाएको भूमिका अभिनय गर्न लगाउने र राम्रो अभिनय गर्ने समूह वा व्यक्तिलाई प्रोत्साहित गर्ने | तल दिइएअनुसार मूल्याङ्कन गर्नुहोस् :<br>- तपाईंको समुदायमा मनाइने चाडपर्वहरुको नाम बताउनुहोस् ।<br>- विद्यार्थीले गरेको भूमिका अभिनयलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस्:<br>- हाउभाउ<br>- संवाद<br>- विषयवस्तु आदि | २० |
| ६.भूगोल र जनसङ्ख्या | आफ्नो गाउँको परिचय (सिमाना, खोला, वन जङ्गल आदि) | - विद्यार्थीलाई आफ्नो गाउँको परिचय पालैपालो दिन लगाउने ।<br>- जस्तै मेरो गाउँको नाम बेनिघाट हो । यो ठाउमाँ अहिले ठुलो बजार छ । यसको उतरमा त्रिशूली नदी छ भने बजारका बिचबाट ठुलो सडक गएको छ । बजारको उतरपट्टि गोरखा जिल्ला पर्दछ ।<br>- आफ्नो गाउँ किन मनपर्छ भनी प्रश्न गर्ने र उनीहरूबाट प्राप्त उत्तरलाई जोड्दै गाउँको महत्व स्पष्ट पारिदिने ।<br>- विभिन्न चित्र, फोटाहरू देखाउँदै विभिन्न गाउँहरूको छलफल गराउने । | - आफू बसेको गाउँको छोटो परिचय दिनुहोस् ।<br>- हामीलाई आफ्नो गाउँ मनपर्छ, किन ? | १५ |

| | | | | |
|---|---|---|---|---|
| ७. सडक सुरक्षा र विपद् व्यवस्थापन | • सडक पार गर्न आफू भन्दा ठुला मानिसको सहयोग लिन<br>• विभिन्न प्रकारका विपद्का नाम | - तपाईंबजार जाँदा वा सडक पार गर्दा कसरी सडक पार गर्नुहुन्छ भनी प्रश्न गर्ने ।<br>- विभिन्न सडक पार गर्दा अवलम्बन गर्नुपर्ने सन्दर्भ झल्कने चित्र प्रस्तुत गरी सडक पार गर्दा ठुला मानिसको सहयोग लिनुपर्ने कुरा बताइदिने, जस्तै : ठुला मानिसको हात समाउने, ठुला मानिसको सँगसँगै बाटो काट्ने वा पार गर्ने ।<br>- यस्तो समयमा ठुलो मानिसले भनेको नमान्दा दुर्घटना हुन सक्ने कुरा बताउने । | १. सडक पार गर्न आफूभन्दा ठुला मानिसको सहयोग कसरी लिन सकिन्छ ?<br>२. सडक पार गर्न ठुला मानिसको सहयोग किन लिनुपर्दछ ? | १५ |
| ८.स्थानीय सडक र बाटोघाटो | आफ्नो पालिका हुँदै जाने राष्ट्रिय सडकको परिचय दिन | - आफ्नो गाउँबाट कुन कुन सडक जान्छ भनी सोध्ने र सो सडक कहाँ कहाँ पुग्छ भनी प्रश्न गर्ने<br>- विद्यार्थीहरूलाई आफ्नो पालिका हुँदै अन्त जाने सडकहरू, जस्तै : पृथ्वी राजमार्गको छोटो परिचय दिने<br>- पृथ्वी राजमार्गमा गाडी गुडेका चित्र वा भिडियो देखाई सो राजमार्गले यहाँका मानिसलाई के फाइदा पुऱ्याएको छ, सो सम्बन्धमा छलफल गर्न लगाई भन्न लगाउने । | १. पृथ्वी राजमार्गले कुन ठाउँदेखि कुन ठाउँ जोड्छ ? | १६ |
| ९.पर्यटकीय स्थल | आफ्नो गाउँ वरपरको वनभोज स्थल र पर्यटकीय स्थलहरूको नाम बताउन | - तपाईंहरू वनभोज जाँदा कहाँ कहाँ जानुहुन्छ भनी प्रश्न गर्ने ।<br>- उनीहरू जाने गरेका बाहेक वनभोज जाने ठाउँहरूको नाम बताइदिने, जस्तै : मलेखु, चरौदी, विशालटार, स्यादुल, महादेवस्थान आदि ।<br>- आफ्ना गाउँ वरपर रहेका रमाइला र पर्यटक आउने ठाउँहरूको नाम भन्न लगाउने, जस्तै : नमोबुद्ध गुम्बा, खटौटीको एकादशी जात्रा, नोहाक गुफा, मझिमटार आदि ।<br>- ती ठाउँहरूको महत्व बताइदिने ।<br>- पायक पर्ने ती ठाउँहरूमा आवश्यकताअनुसार भ्रमण गराई त्यहाँ भएका र देखेका कुराहरू कक्षामा भन्न लगाउने । | १. आफ्नो गाउँ वरपरका पर्यटकीय स्थलहरूको नाम लेख्नुहोस् । | १७ |

**कक्षा: ३**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|
| १. बेनीघाट रोराङ परिचय | १. आफ्नो गाउँपालिकाको भौगोलिक स्वरूप, क्षेत्रफल र सिमाना | - बेनीघाट रोराङ गाउँपालिकाको भौगोलिक स्वरूप झल्कने फोटाहरू प्रदर्शन गर्ने ।<br>- गाउँपालिकाको नक्सा देखाउँदै यसको क्षेत्रफल बताइदिने ।<br>- यस गाउँपालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा पर्ने गाउँपालिका वा नगरपालिकाको नाम अनुमान गर्न लगाउने, नमिलाएमा शिक्षकले सहजीकरण गरिदिने । | - बेनीघाट रोराङ गाउँपालिकाको क्षेत्रफल लेख्नुहोस् ।<br>- बेनीघाट रोराङ गाउँपालिकाको सिमानामा पर्ने पालिकाहरूको नाम लेख्नुहोस् । | १५ |
| २.स्थानीय पेसा व्यवसाय र बजार | स्थानीय पेसा र व्यवसायको महत्व | - स्थानीय पेसाहरूको नाम भन्न लगाउने ।<br>- स्थानीय पेसाहरूको महत्व सम्बन्धमा छलफल गर्न लगाउने ।<br>- स्थानीय पेसाका कारण गाउँघरमा के के काममा सहयोग पुगेको छ, भन्न लगाउने ।<br>- स्थानीय पेसाको महत्व झल्कने गीत वा कथा वा घटना बनाई कक्षामा प्रस्तुत गर्ने र त्यसैमा आधारित भई प्रश्नोत्तर गर्ने । | - तपाईंको समुदायमा गरिने पेसाहरूको सूची तयार पार्नुहोस् ।<br>- विद्यार्थीले तयार पारेका गीत वा कथालाई निम्नानुसार मूल्याङ्कन गर्ने ।<br>- विषयवस्तु<br>- सन्देश<br>- सहभागिता<br>- प्रस्तुति | १५ |
| ३.बेनीघाट रोराङको ऐतिहासिक गतिविधि | बेनीघाट रोराङको ऐतिहासिक स्थलहरूको नाम | - बेनीघाट रोराङमा रहेका कुनै पुराना भवन, पाटी पौवा सतल, गढी, मन्दिर, बेनीघाट रोराङ, दरबार आदिको अवस्थिति रहेको स्थानको नाम भन्न लगाउने ।<br>- विभिन्न ऐतिहासिक स्थलको सामान्य परिचय र महत्व स्पष्ट पार्ने, जस्तै : बेनीघाट रोराङको अर्थ र नामाकरण । | - बेनीघाट रोराङ गाउँपालिकाभित्र रहेको प्रसिद्ध ऐतिहासिक स्थलको नाम लेख्नुहोस् । | १५ |
| ४.स्थानीय प्राकृतिक सम्पदा र वातावरण | स्थानीय बोटबिरुवाको सामान्य परिचय<br>- साल<br>- सल्लो<br>- काप्रो<br>- खयर<br>- चिउरी | - विद्यार्थीलाई आफ्नो घरवरपर पाइने विभिन्न बिरुवाहरूको नाम भन्न लगाउने ।<br>- यी बिरुवा कहाँ पाइन्छन्, के काममा प्रयोग हुन्छन् जस्ता प्रश्नका उत्तर बताउन लगाउने ।<br>- शिक्षकले साल, सल्लो, काप्रो र खयर, चिउरी जस्ता स्थानीय स्तरमा पाइने बिरुवाहरूका चित्र र वास्तविक बिरुवा प्रदर्शन गरी स्थानीय बिरुवाहरूको परिचय दिने ।<br>- विद्यार्थीहरूलाई कक्षा बाहिर लगी स्थानीय बोटबिरुवाहरू अवलोकन र सङ्कलन गर्न लगाउने र ती बिरुवाहरूको नाम तथा काम भन्न लगाउने । | १.स्थानीय स्तरमा पाइने बोटबिरुवाहरूको सूची तयार पार्नुहोस्<br>२. चिउरीको उपयोगिता लेख्नुहोस् । | २० |

| | | | | |
|---|---|---|---|---|
| ५.स्थानीय सामाजिक सांस्कृतिक मूल्य मान्यताहरू | ● स्थानीय चालचलन र रीतिरिवाजमा गरिने मुख्य मुख्य गतिविधि<br>- ठुली एकादशी<br>- छोनाम<br>- गाईजात्रा<br>- बेलविवाह<br>- कुलपूजा<br>● स्थानीय स्तरमा बोलिने भाषाहरूको नाम | - स्थानीय रीतिरिवाज झल्कने चित्र वा भिडियो प्रदर्शन गरी प्रश्नोत्तर गर्ने ।<br>- स्थानीय स्तरमा मनाइने ठुली एकादशी, छोनाम, कुलपूजा आदिका विद्यार्थीले अनुभव गरेका वा देखेका कुराहरू भन्न लगाउने ।<br>- यी चालचलनको महत्व सम्बन्धमा छलफल गर्ने<br>- गाईजात्रा, बेलविवाह सम्बन्धमा विद्यार्थीलाई जानकारी भए नभएको बुझ्ने र यी चालचलन सम्बन्धमा छोटो व्याख्या गरिदिने र नेवार समुदायमा यो प्रचलनमा रहेको तथ्यसमेत स्पष्ट पारिदिने ।<br>- विद्यार्थीहरूलाई आफूले घरमा बोल्ने नेपाली बाहेकको अरू कुनै भाषा छ भने कुन भाषा हो भन्न लगाउने ।<br>- स्थानीय स्तरमा बोलिने विभिन्न भाषाहरूको नाम भन्न लगाउने ।<br>- आफ्ना मातृभाषामा कुराकानी गर्न आउँछ कि आउँदैन, सोध्ने र आउने भए कुराकानी गर्न प्रोत्साहित गर्ने । | १. ठुलो एकादशी पर्वमा के के गरिन्छ ?<br>२. बेलविवाह कुन समुदायमा प्रचलित संस्कार हो ?<br>३.आफू बसेको स्थानमा बोलिने कुनै २ भाषाहरूको नाम लेख्नुहोस् । | २२ |
| ६.भूगोल र जनसङ्ख्या | आफ्नो छिमेकी गाउँ र वडाको नाम | - विद्यार्थीलाई आफ्नो छिमेकी गाउँको नाम भन्न लगाउने ।<br>- छिमेकी गाउँ आफ्नो गाउँबाट कता पर्छ, सो भन्न लगाउने ।<br>- छिमेकी गाउँको कुनै एक विशेषता भन्न लगाउने ।<br>- आफ्नो वडाको नाम भन्न लगाउने ।<br>- सो वडा कहाँदेखि कहाँसम्म पर्दछ, अनुमान गर्न लगाउने नमिलाएमा शिक्षकले बताइदिने ।<br>- आफ्नो वडामा पर्ने गाउँहरूको नाम भन्न लगाउने । | तपाईंको छिमेकी गाउँको नाम बताई सो गाउँ कुन पालिकाको कति नम्बर वडामा पर्दछ, लेख्नुहोस् । | १३ |
| ७. सडक सुरक्षा र विपद् व्यवस्थापन | सडकमा हुने दुर्घटनाका कारणहरू<br>- वन्यजन्तुले बाटो काट्ने<br>- घरपालुवा जनावरले बाटो काट्ने<br>- विभिन्न निर्माण सामग्रीहरू थुपार्ने<br>- सवारी साधनको तीव्र गति<br>स्थानीय स्तरमा हुने विपद्को नाम र सावधानी बाढी, पहिरो आदि | - सडकमा के के गऱ्यो भने दुर्घटना हुन्छ भनी प्रश्न गर्ने<br>- सडकमा दुर्घटना हुनाका कारणहरू झल्कने चित्रहरू प्रदर्शन गर्ने र कारणहरूमा छलफल गर्ने ।<br>- जनावरहरूलाई सडकमा छाडा छोड्न नहुने सन्दर्भ स्पष्ट पारिदिने, त्यसले निम्त्याउने दुर्घटना सम्बन्धमा सचेत गराउने ।<br>- दुर्घटना हुने अन्य कारणहरू, जस्तै : विभिन्न निर्माण सामग्रीहरू सडकमा थुपार्दा साथै सवारी साधनको गति तीव्र हुँदासमेत सडकमा दुर्घटना हुने कारणहरू हुन् भनी उदाहरण सहित स्पष्ट पार्ने ।<br>- विपद् के हो र कस्ता कस्ता विपद्हरू हुन्छन् भनी छलफल गराउने । | | २० |

| | | | | |
|---|---|---|---|---|
| ८.स्थानीय सडक र बाटोघाटो | - स्थानीय ग्रामीण सडकको सामान्य परिचय र महत्व<br>– मलेखु ताल्ती सडक | - मलेखु ताल्ती सडकको चित्र प्रदर्शन गरी सो सडकको सामान्य वर्णन गरिदिने ।<br>- मलेखु ताल्ती सडकको परिचय र महत्व उदाहरण सहित स्पष्ट पार्ने । | १.मलेखु ताल्ती सडकको महत्व उल्लेख गर्नुहोस् । | १५ |
| ९.पर्यटकीय स्थल | आफ्ना पालिकाका पर्यटकीय स्थलहरूको सामान्य परिचय<br>- नोहक गुफा<br>- महाकाली मन्दिर<br>- पशुपति मन्दिर<br>- चैलिङको भरखला मन्दिर | - आफ्ना पालिकाका पर्यटक आउने ठाउँहरूको नाम भन्न लगाउने, जस्तै : नोहक गुफा, महाकाली मन्दिर, पशुपति मन्दिर, चैलिङको भरखला मन्दिर, कोटको कालिका, जङ्गला मंगला आदि ।<br>- ती मध्ये नोहक गुफा, महाकाली मन्दिर, पशुपति मन्दिर चरौदी आदिको चित्र वा भिडियो प्रदर्शन गरी ती ठाउँहरूको छोटो परिचय दिने ।<br>- ती ठाउँहरूको महत्वबारे छलफल गर्ने ।<br>- ती ठाउँहरूमा आवश्यकता अनुसार भ्रमण गराई देखिएका कुराहरू टिपोट गर्न लगाउने । | १. नोहक गुफाको सामान्य परिचय दिनुहोस् ।<br>२. महाकाली मन्दिर कुन ठाउँमा पर्दछ ? | २५ |

**कक्षा: ४**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|
| १.बेनीघाट रोराङ परिचय | - आफ्नो गाउँपालिकाको मुख्य नदीहरू (मलेखु, चरौदी, त्रिशूली, हुग्दी)<br>- परिचय<br>- महत्व<br>- आफ्नो गाउँपालिकाका अग्लो र होचो भूभाग<br>- आफ्नो गाउँपालिकाका टार बेँसीहरूको नाम | - विद्यार्थीहरूलाईआफ्नो गाउँपालिकामा भएका विभिन्न नदीहरूको नाम अनुमान गर्न लगाउने ।<br>- विभिन्न चित्र, भिडियो देखाउँदै ती नदीहरूको सामान्य परिचय दिने, जस्तैः त्रिशूली नदी, मलेखु खोला, गौमती खोला, चरौदी खोला, हुग्दी खोला, मौवा खोला आदि ।<br>- ती खोला र नदीहरूको महत्व चित्र वा उदाहरणद्वारा स्पष्ट पार्ने ।<br>- बेनीघाट रोराङ गाउँपालिकाका अग्ला र होचो भूभागको नाम बताइदिने र तीठाउँ समुद्र सतहबाट कति उचाइमा पर्दछन्, सो समेत उल्लेखगर्ने ।<br>- बेनीघाट रोराङ गाउँपालिकाका विभिन्न टार र बेँसीहरूको नाम भन्न लगाई ती टार वा बेँसीहरूको छोटो चिनारी दिने ।<br>- ती टार वा बेँसीको महत्वको तालिका प्रस्तुत गरी छलफल गराउने । | १. आफ्नो गाउँपालिकाको मुख्य नदीहरूको नाम लेख्नुहोस् ।<br>२. आफ्नो गाउँपालिकाको मुख्य नदीहरूको अग्लो भूभागको नाम लेख्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| २.स्थानीय पेसा व्यवसाय र बजार | • स्थानीय व्यवसाय<br>- कृषि<br>- स्थानीय सिँचाइ, नहर र कृषिको सम्बन्ध | - स्थानीय स्तरमा सञ्चालित विभिन्न व्यवसायहरूको सूची तयार पार्न लगाउने ।<br>- कृषि व्यवसायको परिचय र महत्व उदाहरणसहित स्पष्ट पार्ने ।<br>- स्थानीय कृषिको महत्व सम्बन्धमा साथीहरूसँग संवाद तयार गरी संवाद प्रस्तुत समेत गर्न लगाउने ।<br>- आफ्नो गाउँठाउँमा रहेका सिँचाइका कुलो वा नहरको नाम र परिचय भन्न लगाउने ।<br>- कृषि उत्पादन बढाउन यी कुलो र नहरको भूमिका परिवारका सदस्यलाई सोधपुछ गर्न लगाई कक्षामा भन्न लगाउने । | - तपाइँको समुदायमा कृषिको महत्व उल्लेख गर्नुहोस् । | १५ |
| ३.बेनीघाट रोराङको ऐतिहासिक गतिविधि | बेनीघाट रोराङको ऐतिहासिक स्थलहरूको नाम | - बेनीघाट रोराङमा रहेका कुनै पूराना भवन, पाटी पौवा सतल, गढी, मन्दिर, बेनीघाट रोराङ, दरबार आदिको अवस्थिति रहेको स्थानको नाम भन्न लगाउने ।<br>- विभिन्न ऐतिहासिक स्थलको सामान्य परिचय र महत्व स्पष्ट पार्ने, जस्तै : बेनिघाट रोराङका ऐतिहासिक व्यक्तिहरू । | - बेनिघाट रोराङका ऐतिहासिक स्थलहरूको नाम लेख्नुहोस् । | १५ |
| | – आफूबसेको गाउँ बस्तीको ऐतिहासिक पक्षहरू | - आफू बसेको गाउँबस्ती सम्बन्धमा निम्नलिखित प्रश्न गर्ने<br>- सो ठाउँमा धेरै पुराना कुनै मन्दिर, देवल,पाटीपौवा केही छ भनी प्रश्न गर्ने<br>- आफू बसेको बस्ती कहिलेदेखि बसेको हो?<br>- यस ठाउँका अन्य कुनै ऐतिहासिक घटना वा ऐतिहासिक वस्तु छन्? | - | १५ |
| ४.स्थानीय प्राकृतिक सम्पदा र वातावरण | स्थानीय बोटबिरुवाको विशेषता र महत्व<br>- बेल<br>- काफल<br>- चाँप<br>- क्यामुना | - स्थानीय स्तरमा पाइने विभिन्न बोटबिरुवाहरूको सूची तयार पार्न लगाउने ।<br>- ती बोटबिरुवाहरूमध्ये बेल, काफल, चाँप र क्यामुनाको पात वा फलहरूको चित्र वा वास्तविक वस्तु नै सङ्कलन गरी कक्षामा प्रस्तुत गर्ने ।<br>- ती चारै थरी बोटबिरुवाको कुनै एक एकओटा विशेषता टिपोट गर्न लगाउने ।<br>- ती बोटबिरुवाको आवश्यकता र महत्वका सम्बन्धमा समूह समूहमा छलफल गरी कक्षामा निष्कर्ष प्रस्तुत गर्न लगाउने । | १. तपाइँको घरवरपर पाउने कुनै एक बिरुवाको विशेषता उल्लेख गर्नुहोस् ।<br>२. चाँपको महत्व उल्लेख गर्नुहोस् ।<br>३. क्यामुनाको उपयोगिताको चर्चा गर्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| ५.स्थानीय सामाजिक सांस्कृतिक मूल्य-मान्यताहरू | • स्थानीय जात्रा र संस्कार<br>- लाखेजात्रा<br>- न्वागी खाने<br>- दाइँ गर्ने<br>- चेपाङको बसोबास, चाडपर्व, पोसाक<br>• स्थानीय स्तरमा बोलिने भाषाहरूको सामान्य परिचय<br>• धार्मिक स्थल शिलकन्या मन्दिर | - स्थानीय जात्रा र संस्कार झल्कने चित्र, जस्तैः लाखेजात्रा, न्वागी खाएको वा दाइँ गरेको चित्र प्रदर्शन गरी जात्रा र संस्कारको छोटो परिचय दिने ।<br>- लाखे जात्रामा गरिने क्रियाकलापको भूमिका अभिनय गर्न लगाउने ।<br>- दाइँ गर्दागाइने गीत समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी कक्षामा भन्न लगाउने ।<br>- दाइँको महत्व जोडी जोडीमा छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- चेपाङ जातिको बसोबास क्षेत्र, चाडबाड, पोसाक र संस्कारको चित्र, भिडियो, कथामार्फत जानकारी प्रदान गर्ने ।<br>- चेपाङ अगुवासँग भेटघाट र छलफल गराई उनीहरूको संस्कार र संस्कृति सम्बन्धमा जानकारी प्रदान गर्ने र ती संस्कार संस्कृतिको सम्मान र संरक्षण गर्नुपर्ने कुरा बताइदिने ।<br>- स्थानीय स्तरमा बोलिने भाषाको नाम, त्यसको महत्व, त्यो भाषा कतिले बोल्छन्, परिवारमा छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने । | १. दाइँ गर्ने स्थानीय संस्कारको चर्चा गर्नुहोस् ।<br>२. दाइँको महत्व उल्लेख गर्नुहोस् ।<br>३. चेपाङ जातिको कुनै दुई संस्कारहरू उल्लेख गर्नुहोस् । | १५ |
| ६.भूगोल र जनसङ्ख्या | आफ्नो वडाको सामान्य जानकारी र जनसङ्ख्या | - विद्यार्थीलाई कक्षामा पालैपालो आफूलाई थाहा भएका आफ्नो वडाको सामान्य जानकारी भन्न लगाउने ।<br>- त्यो वडा कति ठुलो छ, कति जनसङ्ख्या छ, पढेलेखेका मानिसहरू कति छन् आदि प्रश्न गर्दै जाने र अन्तिममा शिक्षकले जवाफसमेत बताइदिने ।<br>- वडामा रहेका विद्यालय, स्वास्थ्यचौकी आदि सम्बन्धमा समेत प्रश्न गरी छलफल गर्ने ।<br>- वडाको जानकारी खुल्ने चार्ट, नक्सा आदि प्रदर्शन गरी छलफल गराउने ।<br>- वडाको नक्सा कोर्ने अभ्यास गराउने । | १.तपाइँको वडाको जनसङ्ख्या कति छ ?<br>२. आफ्नो वडाको छोटकरीमा वर्णन गर्नुहोस् ।<br>३. आफ्नो वडाको नक्सा कोर्नुहोस् । | १५ |
| ७. सडक सुरक्षा र विपद् व्यवस्थापन | ● सडक पार गर्दा अपनाउनुपर्ने सावधानीहरू र व्यावहारिक अभ्यास<br>● स्थानीय विपद् : चट्याङ, आगलागी र डढेलो | - सडक पार कसरी गर्ने गरिएको छ ?<br>- सडक पार गर्न आफूभन्दा ठुला मानिसको सहयोग लिने गरिएको छ वा छैन?प्रश्न गर्ने<br>- सडक पार गर्दा अपनाउनुपर्ने सावधानीहरूको सूची देखाई छलफल गर्ने<br>- सडक पार गर्दा अपनाउनुपर्ने विभिन्न व्यावहारिक अभ्यासमा आधारित भई भूमिका अभिनय गर्न लगाउने<br>- सडक क्षेत्रको भ्रमण वा अन्य सहर जाँदा विभिन्न सावधानीका उपायहरू अवलम्बन गरी सडक पार गर्ने नियकहरूमा सचेत गराउने<br>- स्थानीय विपद्मध्ये चट्याङ, आगलागी र डँडेलोको जानकारी दिने,त्यसका असर बताउने र बच्ने उपायहरू प्रस्तुत गर्ने | १. सडक पार गर्दा अपनाउनुपर्ने सावधानीको सूची तयार पार्नुहोस् ।<br>२. डँडेलो लगाउन हुँदैन, किन? | १४ |

| | | | | |
|---|---|---|---|---|
| ८.स्थानीय सडक र बाटोघाटो | स्थानीय ग्रामीण सडकको परिचय र आवश्यकता<br>- हुग्दी जोगिमारा सडक<br>- अन्य स्थानीय सडकहरू | - विभिन्न ग्रामीण सडकहरूको चित्र वा फोटा प्रदर्शन गर्ने ।<br>- ती सडकहरूको आवश्यकता सम्बन्धमा कक्षामा समूहगत छलफल गराउने ।<br>- हुग्दी जोगीमारा सडकको विस्तृत विवरण तालिकामा देखाई स्पष्ट गर्ने ।<br>- सडकको महत्व सम्बन्धमा एक अनुच्छेद लेख्न लगाई मूल्याङ्कन गर्ने । | १. हुग्दी जोगिमारा सडकको महत्व उल्लेख गर्नुहोस् । | ११ |
| ९.पर्यटकीय स्थल | ग्रामीण पर्यटकीय स्थलहरूको पहिचान र महत्व<br>- साततले देवी मन्दिर<br>- सहिद पार्क | - विभिन्न रमाइला ठाउँहरूको नाम भन्न लगाउने ।<br>- साततले देवीमन्दिर र सहिदपार्कको चित्र वा फोटो देखाई सो ठाउँको सामान्य परिचय दिने र महत्व बताउने ।<br>- सम्भव भएका यी ठाउँको अवलोकन भ्रमण गराई त्यहाँको वास्तविक अवस्थिति र गतिविधिहरू सोधखोज गर्न लगाई विवरण सङ्कलन गर्न लगाउने । | १. साततले देवी मन्दिर धार्मिक मात्र नभई पर्यटकीय स्थल पनि हो । यस भनाइलाई पुष्टि गर्नुहोस् ।<br>२. सहिद पार्कको महत्व उल्लेख गर्नुहोस् । | १३ |

**कक्षा: ५**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|
| १. बेनीघाट रोराङ परिचय | आफू बसेको वडाको संरचना र सेवा | - आफू रहेको वडाका वडाध्यक्ष र वडा सदस्यहरूको नाम थाहा छ भनी प्रश्न गर्ने ।<br>- वडाको संरचनाको चार्ट बनाई कक्षामा देखाउने र वडा अध्यक्ष र सदस्यको सङ्ख्या बताइदिने<br>- वडाले गर्ने सेवाहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्ने ।<br>- वडा अध्यक्ष वा सदस्यलाई बोलाई कक्षामा छलफल गर्न लगाउने ।<br>- विद्यार्थीहरूलाई वडा कार्यालयमा लगि वडाको संरचना र सेवा सम्बन्धमा त्यहाँका वडा पदाधिकारी वा कर्मचारीसँग सोधपुछ गर्न प्रश्नावली बनाउन लगाउने र त्यसैमा आधारित भई छलफल गर्न लगाउने । | १. तपाईं बसेको वडाको वडाध्यक्षको नाम लेख्नुहोस् ।<br>२. तपाईं बसेको वडा कार्यालयले प्रदान गर्ने सेवाहरूको सूची तयार पार्नुहोस् । | १५ |
| २.स्थानीय पेसा व्यवसाय र बजार | स्थानीय व्यवसाय र बजार<br>- मजदुरी | - स्थानीय मानिसहरूले गर्ने विभिन्न व्यवसायको नाम पालैपालो भन्न लगाउने ।<br>- स्थानीय व्यवसायले जीविकोपार्जनमा पुऱ्याएको फाइदाहरूका सम्बन्धमा समूहसमूहमा छलफल गर्न लगाउने ।<br>- मजदुरी गरिरहेका विभिन्न चित्रहरू देखाउँदै यहाँका मानिसको जीविकोपार्जनको आधार मजदुरी रहेको सन्दर्भ उल्लेख गर्ने ।<br>- धेरै मानिसले गर्ने मजदुरी र जीविकोपार्जनको सम्बन्ध स्पष्ट पारिदिने र श्रमलाई सम्मान गर्नुपर्ने कुरा बताउने । | १.श्रमको किन सम्मान गर्नु पर्दछ ?<br>२. मजदुरी र जीविकोपार्जन बिचको अन्तरसम्बन्ध स्पष्ट पार्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| ३. बेनीघाट रोराङको ऐतिहासिक गतिविधि | - बेनीघाट रोराङमा भएका सामाजिक सुधारका गतिविधि र प्रजातन्त्रमा योगदान दिने ऐतिहासिक व्यक्तित्वहरू | - बेनीघाट रोराङमा भएका सामाजिक सुधारका गतिविधि र प्रजातन्त्रमा योगदान दिने ऐतिहासिक व्यक्तित्वहरूको चित्र, भिडियो प्रदर्शन गरी जानकारी प्रदान गर्ने ।<br>- ती व्यक्तिहरूको योगदान सम्बन्धमा जानकार व्यक्तिलाई बोलाई छलफल अन्तरक्रिया गर्न लगाउने । | १. बेनीघाट रोराङमा भएका सामाजिक सुधारका गतिविधिमा योगदान पुऱ्याउने व्यक्तित्वहरूको नाम लेख्नुहोस् । | १५ |
| ४.स्थानीय प्राकृतिक सम्पदा र वातावरण | स्थानीय जडीबुटीहरूको पहिचान, महत्व र उपयोगिता<br>- तुलसी<br>- निम<br>- घोडताप्रे<br>- असुरो<br>- गुर्जो | - विद्यार्थीहरूलाई विभिन्न जडीबुटीहरूको नाम भन्न लगाउने ।<br>- ती जडीबुटीहरू कहाँ पाइन्छन् भनी सोध्ने ।<br>- तुलसी, निम, घोडताप्रे, असुरो र गुर्जोको पात र डाँठ सङ्कलन गरी कक्षामा प्रदर्शन गर्ने र तीजडीबुटीको महत्व तथा उपयोग गर्ने तरिका बताइदिने ।<br>- विद्यार्थीलाई यी बिरुवाका पातहरू सङ्कलन गर्न लगाउने ।<br>- यी वनस्पतिको घरेलु उपचारमा बढीभन्दा बढी प्रयोग गर्न अभिप्रेरित गर्ने । | १. तुलसीको महत्व उल्लेख गर्नुहोस् ।<br>२. गुर्जोको उपयोगिता कुनै दुई बुँदामा उल्लेख गर्नुहोस् । | १५ |
| ५. स्थानीय सामाजिक सांस्कृतिक मूल्य मान्यताह रू | • स्थानीय स्तरमा रहेका विभिन्न जातजातिहरू मध्ये मगरजातीको स्थानीय परम्परा, रीतिरिवाज र संस्कार<br>• स्थानीय स्तरमा बोलिने भाषाको सामान्य परिचय र महत्व (नेवार र तामाङ) | - स्थानीय समुदायमा रहेका विभिन्न जातजातिको नामको सूची तयार पार्न लगाउने ।<br>- तीमध्ये मगर जातिका मानिसहरूले लगाउने लुगा, मान्ने रीतिरिवाज र संस्कार सम्बन्धमा छलफल चलाउने ।<br>- मगर जातिका विभिन्न थरहरूको सम्बन्धमा छलफल गर्ने ।<br>- मगर जातिले गर्ने पुख्यौली पेसाका सम्बन्धमा चर्चा गर्ने ।<br>- स्थानीय स्तरमा बोलिने विभिन्न भाषाहरूको सूची तयार पार्न लगाउने<br>- ती भाषाहरूका बारेमा थाहा भएका कुरा पालैपालो भन्न लगाउने ।<br>- नेवार र तामाङ भाषा बोल्ने परिवार ककस्को छ भनी प्रश्न गर्ने ।<br>- ती भाषा बोल्न जान्ने व्यक्तिलाई कक्षामा सो भाषा बोल्न लगाउने ।<br>- नेवार र तामाङ भाषाको महत्व, सो भाषा बोल्ने व्यक्ति वा विद्यार्थीमा बढी हुने कुरा स्पष्ट पारिदिने ।<br>- नेवार र तामाङ भाषाको लिपि सम्बन्धमा सामान्य जानकारी प्रदान गर्ने ।<br>- सो भाषा जान्ने व्यक्तिलाई ल्याई कक्षामा सो भाषासम्बन्धी वर्ण र अक्षर चिनारी गराउने र लिपिसमेत सिकाउने । | १. तामाङ भाषाको महत्व उल्लेख गर्नुहोस् ।<br>२. मगर जातीका मुख्य मुख्य संस्कारहरूको सूची तयार पार्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| ६.भूगोल र जनसङ्ख्या | ● .स्थानीय तहमा रहेका खानीहरू<br>- बालुवा<br>- ढुङ्गाा<br>● मुख्य बजारहरू<br>- बेनिघाट<br>- मलेखु | - स्थानीय स्तरमा रहेका विभिन्न खानीहरूका नाम भन्न लगाउने ।<br>- ती खानीहरूमध्ये बालुवा खानी र ढुङ्गा खानी र ती रहेका स्थानको सम्बन्धमा छलफल गर्ने ।<br>- बालुवा निकालिरहेको, ढुङ्गा काटिरहेको वा बोकिरहेको चित्र प्रदर्शन गरी सो को सम्बन्धामा थप स्पष्ट पारिदिने ।<br>- ती खानीहरूको महत्व सम्बन्धमा उदाहरणसहित स्पष्ट पारिदिने ।<br>- बेनीघाट रोराङ गाउँपालिकामा रहेका मुख्य बजारको नाम र महत्व खोजी गर्न लगाउने ।<br>- बेनीघाट र मलेखु बजारको परिचय र व्यापारिक महत्व उल्लेख गर्ने ।<br>- विभिन्न बजारका चित्र र त्यहाँ भएका गतिविधिका चित्र वा फोटा सङ्कलन गर्न लगाउने । | १. तपाईँ गाउँपालिकामा रहेका बालुवा खानीको महत्व उल्लेख गर्नुहोस् । | १५ |
| ७. सडक सुरक्षा र विपद् व्यवस्थापन | ● ट्राफिक नियम<br>● स्थानीय स्तरमा हुने विपद्<br>● स्थानीय विपद्हरू खडेरी, अतिवृष्टि | - विभिन्न ट्राफिक संकेत वा चित्रहरू सङ्कलन गर्न लगाउने ।<br>- ट्राफिक बत्तीको जानकारी दिने ।<br>-ट्राफिक नियमको पालना गर्नुपर्ने कारण बताइदिने ।<br>- ट्राफिक नियमको पालना नगर्दा हुने हानी सम्बन्धमा समूहमा छलफल गर्न लगाउने ।<br>- ट्राफिक नियमको पालना गरौ भन्ने नारा लगाई विद्यालय आसपासमा ऱ्याली निकाल्न लगाउने ।<br>- स्थानीय स्तरमा हुने विपद्को सूची तयार पार्न लगाउने ।<br>- खडेरी र अतिवृष्टि हुने कारणहरू बताउने । | १. विद्यार्थीले सङ्कलन गरेका ट्राफिक चिह्नको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।<br>२. स्थानीय स्तरमा हुने विपद्को सूची तयार पार्नुहोस् । | १४ |
| ८. स्थानीय सडक र बाटोघाटो | ● स्थानीय कृषि सडक<br>- परिचय<br>- आवश्यकता<br>● बुद्ध मार्गको परिचय र महत्व | - बेनीघाट रोराङ गाउँपालिकामा रहेका विभिन्न स्थानीय कृषि सडकको नाम भन्न लगाउने ।<br>- बुद्ध मार्गको परिचय र महòव सम्बन्धमा छलफल गराउने ।<br>- यी सडकले त्यहाँको जीवनस्तरमा पुऱ्याउने फाइदाहरूको सूची तयार पार्न लगाउने ।<br>- ती सडक जोड्ने गाउँ र बजारबिचको सम्बन्ध बताइदिने ।<br>- गाउँपालिकाको नक्सामा ती ठाउँहरूलाई जोड्ने सडकको चित्र बनाई कक्षामा प्रस्तुत गर्न लगाउने । | १.बुद्ध मार्गको छोटो परिचय दिनुहोस् ।<br>२.स्थानीय कृषि सडकले त्यहाँको जीवनस्तरमा सुधार ल्याउन के के योगदान पुऱ्याउँछ ? | ११ |
| ९. पर्यटकीय स्थल | आफ्ना पालिकाका पर्यटकीय स्थलहरूको परिचय, विशेषता र महत्व<br>- शिलकन्या मन्दिर<br>- जङ्गला मङ्गला | - बेनीघाट रोराङ गाउँपालिकामा रहेका मुख्य पर्यटकीय स्थलहरूको सूची तयार पार्न लगाउने ।<br>- शिलकन्या मन्दिरको अवस्थिति र महत्व सम्बन्धमा चित्र वा फोटो प्रदर्शन गर्ने र छलफलसमेत गराउने ।<br>- जङ्गला मङ्गला मन्दिरको चित्र प्रदर्शन गरी त्यसको सौन्दर्य, महत्व आदि प्रस्तुत गर्ने । | १. शिलकन्या मन्दिरको विशेषताहरू उल्लेख गर्नुहोस् ।<br>२.जङ्गला मङ्गला मन्दिरको महत्व | १३ |

कक्षा: ६

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|
| १. बेनीघाट रोराङ परिचय | • स्थानीय सरकार<br>• पहिलाको स्थानीय तह र वडाको संरचना | - स्थानीय सरकारको परिचय दिने ।<br>- पहिलाको स्थानीय तह र अहिलेका वडाबीचको सम्बन्ध स्पष्ट पारिदिने ।<br>- हालका दश वडामध्ये साबिकको महादेवस्थान गाविसका वडाहरू, साबिकको बेनिघाट गाविसबाट वडाहरू र जोगीमारा गाविसका केही वडाहरूलाई मिलाई बनेको सन्दर्भ स्पष्ट पार्ने ।<br>- गाउँपालिकाको नक्सामा ती वडाहरू कहाँ कहाँ पर्दछन् ? खोज्न लगाउने । | १. हालको बेनीघाटरोराङ गाउँपालिका वडा नं १, २ र ३ मा पहिले कुन गा.वि.स.पर्दथ्यो ?<br>२. गाउँपालिकाको नक्सामा विद्यार्थीहरूले वडा खोजेको अवस्थाको अवलोकन गरी सोही वडा खोज्न सके नसकेका आधारमा मूल्याङ्कन गर्नुहोस् । | १५ |
| २.स्थानीय पेसा व्यवसाय र बजार | • स्थानीय पेसा र उत्पादन<br>- अन्नपात<br>- तरकारी<br>- फलफूल<br>- पशुपालन<br>- दुग्धजन्य पदार्थ | - स्थानीय स्तरमा अपनाइने विभिन्न पेसाहरूको चार्ट वा तालिका प्रदर्शनगर्ने ।<br>- स्थानीय स्तरमा हुने विभिन्न उत्पादनको सूची तयार पार्न लगाउने ।<br>- स्थानीय स्तरमा उत्पादन हुने विभिन्न अन्नहरूको नाम र तिनीहरूको उत्पादन हुने क्षेत्रहरूको नाम भन्न लगाउने, जस्तैः धान, गहुँ विशालटार, रिचोकटार, ताल्ती, चरौदी, सुन्तला, स्यादुल, मकै कोदो महादेवस्थान आदि ।<br>- तरकारी उत्पादन हुने विभिन्नठाउँहरूको नाम र तरकारीको नाम एवम् फलफूल खेती हुने क्षेत्र समेटिएको चार्ट वा तालिका प्रस्तुति र छलफल गर्न लगाउने ।<br>- पशुपालनका लागि मुख्य स्थानहरू र पशुहरूको नाम बताउने ।<br>- व्यवसायिक पशुपालन गरिएकाक्षेत्रहरू र त्यसले आयआर्जनमा पुऱ्याएको योगदानको चर्चा गर्ने ।<br>- स्थानीय दुध डेरी र दुग्ध सङ्कलन केन्द्रहरूको नाम र त्यसले स्थानीय स्तरमा आयआर्जनमा दिएको योगदान सम्बन्धमा चर्चा गर्ने । | - स्थानीय स्तरमा हुने विभिन्न उत्पादनको सूची तयार पार्नुहोस् ।<br>- तपाईंको पालिकामा पशुपालनका लागि बढी प्रख्यात ठाउँहरू कुन कुन हुन् ? | १५ |
| ३. बेनीघाट रोराङको ऐतिहासिक गतिविधि | - बेनीघाट रोराङ गाउँपालिकाको बस्ती र इतिहास | - बेनीघाट रोराङका विभिन्न ऐतिहासिक बस्तीहरूको नाम बताउने, जस्तैः जोगीमारा, रिचोकटार, बेनीघाट, विशालटार, धुषाटार, धुषा, स्यादुल, ताल्ती ।<br>- नयाँ बस्तीहरूको जानकारी दिने, जस्तैः मलेखु, शितलबजार, मझिमटार, चरौंदी आदि ।<br>- नयाँ बस्तीहरू बढ्नका कारणहरू छलफल गर्ने | १.बेनीघाट रोराङमा पुराना बस्तीहरूको नाम उल्लेख गर्नुहोस् ।<br>२. पछिल्लो समयमा बेनीघाट रोराङका नदी किनार र मुख्य सडक आसपासमा बस्ती विस्तार हुनुका | १५ |

| | | | | |
|---|---|---|---|---|
| ४.स्थानीय प्राकृतिक सम्पदा र वातावरण | स्थानीय जडीबुटीहरूको पहिचान, महत्व र उपयोगिता<br>- पाखनवेद<br>- सलिफा<br>- बोझो<br>- ठुलो औषधी<br>- हर्रो, बर्रो र अमला | - विभिन्न स्थानीय जडीबुटीहरूको चित्र वा फोटो प्रदर्शन गर्ने ।<br>- विभिन्न स्थानीय जडीबुटीहरूको वास्तवित नमुना प्रदर्शन गरी ति वस्तुहरूको परिचय दिने र महत्व बताउने<br>- पाखनवेद, सलिफा, बोझो, ठुलो औषधी र हर्रो, बर्रो र अमलाको उपयोगिता सम्बन्धमा प्रश्नोत्तर गर्दै स्पष्ट पार्ने | १. पाखनवेदको महत्व दुई बुँदामा उल्लेख गर्नुहोस् ।<br>२. बोझो कुन प्रयोजनका लागि बढी उपयोगी हुन्छ ? | १५ |
| ५. स्थानीय सामाजिक सांस्कृतिक मूल्य-मान्यताहरू | गुरुङ जातीका मुख्य बस्तीहरू, रोधी संस्कार, पुटपुटे नाच, जनसङख्या ( जन्म, विवाह, मृत्यु)<br>● आफ्नो पालीकामा बोलिने भाषाको सम्मान र संरक्षण | - विद्यार्थीहरूलाई गुरुङ जातिको जन्म, मृत्यु र विवाह संस्कारको तालिका प्रस्तुत गरी छलफल गर्ने ।<br>- यो जातिको विवाह संस्कार झल्कने चित्रहरू प्रदर्शन गरी छलफल गराउने ।<br>- आफ्नो पालिकामा बोलिने विभिन्न भाषाहरूको नाम भन्न लगाउने ।<br>- ती भाषाहरूको सम्मान गर्ने तरिका बताइदिने ।<br>- शिक्षकले भाषाको संरक्षण गर्ने तरिकाहरू बताइदिने, जस्तैः मातृभाषामा पठनपाठन, भाषाको लिपिको पहिचान र प्रयोग, भाषालाई सरकारी कामकाजमा प्रयोग आदि । | - गुरुङ जातिको मृत्यु संस्कार उल्लेख गर्नुहोस् । | १५ |
| ६. भूगोल र जनसङ्ख्या | • स्थानीय तहमा रहेका उद्योगहरू : सिमेन्ट उद्योग<br>• मुख्य बजार सलाङ घाट | - स्थानीय स्तरमा रहेका विभिन्न उद्योगहरूका नाम भन्न लगाउने ।<br>- ती खानीहरूमध्ये फलाम खानी र ती रहेका स्थानको सम्बन्धमा छलफल गर्ने ।<br>- उद्योगको भ्रमण गराई त्यहाँका गतिविधिहरू अवलोकन गर्न लगाउने र कक्षामा सोका आधारमा प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>- बेनीघाट रोराङ गाउँपालिकामा रहेका मुख्य बजारको नाम र महत्व खोजी गर्न लगाउने ।<br>- सलाङघाट बजारका चित्र र त्यहाँ भएका गतिविधिका चित्र वा फोटा सङ्कलन गर्न लगाउने । | तपाइँको पालिकामा रहेका सिमेन्ट उद्योगहरूको नाम लेख्नुहोस् । | १५ |
| ७. सडक सुरक्षा र विपद् व्यवस्थापन | ● सडकमा हिँड्दा ध्यान दिनुपर्ने कुराहरू<br>● स्थानीय स्तरमा हुने विपद् : जङ्गली जनावरहरूले पुऱ्याउने क्षति | - सडकमा हिँड्दा ध्यान दिनुपर्ने कुराहरू चित्र, उदाहरणमार्फत स्पष्ट पारिदिने ।<br>- सडक हिँड्दा ध्यान दिनुपर्ने कुराहरूको भूमिका अभिनय गर्न लगाउने ।<br>- स्थानीय स्तरमा हुने विभिन्न विपतहरूको नाम भन्न लगाउने ।<br>- ती विपद्मध्ये जङ्गली जनावरले पुऱ्याएका विभिन्न क्षतिहरू सम्बन्धका छलफल गर्ने । | १.सडकमा हिँड्दा ध्यान दिनुपर्ने कुराहरूको सूची तयार पार्नुहोस् ।<br>२.जङ्गली जनावरको क्षति कम गर्न गरिएका स्थानीय अभ्यासहरूको उदाहरण दिनुहोस् । | १४ |

| | | | | |
|---|---|---|---|---|
| ८.स्थानीय सडक र बाटोघाटो | ● स्थानीय ग्रामीण सडक (मलेखु भण्डारा सडक)<br>– परिचय<br>– जनजीवनमा पारेको प्रभाव | - स्थानीय ग्रामीण सडकको चित्र वा फोटा प्रदर्शन गर्ने ।<br>- मलेखु भण्डारा सडकको परिचय दिने ।<br>- यी सडकहरूले जनजीवनमा पारेको प्रभाव सम्बन्धमा समूहसमूहमा छलफल गर्ने । | १. मलेखु भण्डारा सडकले जनजीवनमा पारेको प्रभाव उल्लेख गर्नुहोस् । | ११ |
| ९.पर्यटकीय स्थल | आफ्ना पालिकाका केही पर्यटकीय गन्तव्यहरूको विशेषता र महत्व खोजी गर्न<br>– हेकाङको मालिका<br>– शङ्खादेवी मन्दिर<br>– सत्यनारायण मन्दिर | - बेनीघाट रोराङ गाउँपालिकामा रहेका मुख्य पर्यटकीय स्थलहरूको सूची तयार पार्न लगाउने ।<br>- हेकाङको मालिका मन्दिरको अवस्थिति र महत्व सम्बन्धमा चित्र वा फोटो प्रदर्शन गर्ने र छलफलसमेत गराउने ।<br>- गाउँपालिकामा रहेका शङ्खादेवी मन्दिर र सत्य नारायण मन्दिरको चित्र प्रदर्शन गरी त्यसको सौन्दर्य, महत्व आदि प्रस्तुत गर्ने ।<br>- ती मन्दिरहरू रहेका स्थान र पर्यटकीय सम्भावना सम्बन्धमा छलफल गर्ने र सम्भव भए अवलोकन भ्रमणसमेत गराउने । | १.सत्यनारायण मन्दिरको अवस्थिति र महत्व उल्लेख गर्नुहोस् । | १३ |

**कक्षा: ७**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|
| १. बेनीघाट रोराङ परिचय | ● बेनीघाट रोराङ गाउँपालिकाको गठन प्रक्रिया<br>● बेनीघाट रोराङ गाउँपालिकाले दिने सेवाहरू<br>● बेनीघाट रोराङमा सञ्चार र स्वास्थ्यको अवस्था | - बेनीघाट रोराङ गाउँपालिकाको गठन प्रक्रिया उल्लेख भएको चार्ट वा तालिका प्रस्तुत गर्ने ।<br>- गाउँपालिका गठन प्रक्रियाको चार्ट वा तालिका तयार पार्न लगाउने ।<br>- बेनीघाट रोराङ गाउँपालिकाले दिने सेवाहरूको सूची तयार पारी कक्षामा छलफल गराउने ।<br>- बेनीघाट रोराङ गाउँपालिकाकाले दिने सेवाहरू सम्बन्धमा सम्बन्धित गाउँ कार्यपालिका कार्यालयमा कर्मचारी वा जनप्रतिनिधिलाई भेटी वा उनीहरूलाई कक्षामा बोलाई छलफल गर्न लगाउने ।<br>- बेनीघाट रोराङमा रहेका स्वास्थ्यचौकी, अस्पताल, तिनले प्रदान गरेका सेवा सम्बन्धमा छलफल गराउने ।<br>- बेनीघाट रोराङबाट प्रकाशित र प्रशारित पत्रपत्रिका, एफ.एम. स्थानीय टेलिभिजन आदिको नाम र स्थानीय समाचारका प्रकृति सम्बन्धमा छलफल गराउने । | १. बेनीघाट रोराङ गाउँपालिकाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।<br>२. बेनीघाट रोराङ गाउँपालिकाले प्रदान गर्ने सेवाहरूको सूची तयार पार्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| २.<br>स्थानीय<br>पेसा<br>व्यवसाय र<br>बजार | ● स्थानीय कला र सिप<br>– सुकुल मान्द्रो<br>– खोस्टाको चकटी<br>– डोको डालो नाम्लो<br>– हलो<br>– घुम<br>– आरन<br>● स्थानीय सहकारिता र अभ्यास | - विभिन्न स्थानीय कला र सिपको नाम भन्न लगाउने ।<br>- स्थानीय कला र सिप झल्कने विभिन्न विभिन्न चित्र वा फोटा सङ्कलन गरी कक्षामा प्रदर्शन गर्ने ।<br>- सकुल, मान्द्रो, खोस्टाको चकटी, घुम, डोको, डालो, हलो, आरन आदिको चित्र प्रदर्शन गर्ने ।<br>- यी सिप भएका व्यक्तिलाई कक्षामा बोलाई सो सिप प्रदर्शन गर्न लगाउने ।<br>- स्थानीय सहकारी अभ्यासका नमूनालाई कक्षामा छलफल गराउने । | १. हलो बनाउने स्थानीय सिपको महत्व उल्लेख गर्नुहोस् ।<br>२. आरनको आवश्यकता सम्बन्धमा चर्चा गर्नुहोस् । | १५ |
| ३.<br>बेनीघाट<br>रोराङको<br>ऐतिहासिक<br>गतिविधि | –आफ्नो गाउँपालिकाका ऐतिहासिक व्यक्तित्व र सम्पदाहरू परिचय | - बेनीघाट रोराङ गाउँपालिकाका ऐतिहासिक सम्पदा एवम् व्यक्तित्वको चित्र वा फोटो प्रदर्शन र छलफल गराउने ।<br>- ती व्यक्तिहरूले देश र समाजका लागि गरेका उल्लेखनीय योगदानको खोजी गर्न लगाउने ।<br>- उनीहरूको योगदानको सम्मान झल्कने गरी संवाद तयार गर्न लगाउने र संवादसमेत गर्न लगाउने । | १. आफ्नो गाउँपालिकाका ऐतिहासिक व्यक्तित्वहरूको नाम र योगदानको तालिका निर्माण गर्नुहोस् । | १५ |
| ४.स्थानीय<br>प्राकृतिक<br>सम्पदा र<br>वातावरण | प्राकृतिक सम्पदा र वातावरण संरक्षणका स्थानीय अभ्यासहरू<br>- नदीजन्य पदार्थको उत्खननमा रोक<br>- धमिलो पानीको शुद्धीकरण<br>- वृक्षरोपण | - आफ्नो समुदायमा वातावरण संरक्षणका लागि गरिएका अभ्यासहरूको पालैपालो भन्न लगाउने ।<br>- वातावरण संरक्षणका स्थानीय अभ्यासको सूची तयार पार्न लगाउने ।<br>- वातावरण संरक्षणमा संलग्न स्थानीय अगुवालाई स्रोत शिक्षकका रूपमा कक्षामा आमन्त्रण गरी स्रोत कक्षा सञ्चालन गर्ने ।<br>- नदी प्रदूषण विरुद्धको अभियानसँग सम्बन्धित चेतनामूलक कार्यक्रमगीत, पोस्टर, ऱ्याली, वक्तृत्वकला आदि सञ्चालन गर्न लगाउने ।<br>- विद्यालयको खाली जग्गा वा समुदायका खाली चउरमा वृक्षरोपण गर्न लगाई संरक्षणका उपायहरूसमेत अवलम्बन गर्न लगाउने । | - नदीजन्य पदार्थको उत्खननमा किन रोक लगाउनुपर्दछ ?<br>- वृक्षरोपणको महत्व उल्लेख गर्नुहोस् । | १५ |
| ५.<br>स्थानीय<br>सामाजिक<br>सांस्कृतिक<br>मूल्य-<br>मान्यताह<br>रू | ● चेपाङ जातिको न्वागी संस्कार विवाह र धार्मिक स्थलहरू<br>● स्थानीय धार्मिक स्थलहरू : कोटको कालिका, बागेश्वरी, तीनकन्या | - स्थानीय समुदायमा रहेका विभिन्न जातिहरूको सूची तयार पार्न लगाउने ।<br>- समुदायमा रहेका विभिन्न जातिमध्ये चेपाङ जातिको न्वागी र विवाह संस्कारको खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- विद्यार्थीलाई समुदायमा अध्ययन गर्न पठाई चेपाङ लगायत अन्य जातिहरूको संस्कार सङ्कलन गर्न लगाई कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>- स्थानीय धार्मिक स्थलहरू कोटको कालिका, बागेश्वरी मन्दिर र तीनकन्या मन्दिरको चित्र, फोटो, भिडियो प्रदर्शन वा | - चेपाङ जातिको मृत्यु संस्कार उल्लेख गर्नुहोस् ।<br>- कोटको कालिका मन्दिरमा मुख्य गरी कुन कुन दिन पूजा आराधना गरिन्छ ? | १५ |

| | | | | |
|---|---|---|---|---|
| ६. भूगोल र जनसङ्ख्या | • बेनीघाट रोराङको जनसङ्ख्या (जाति, भाषा, लिङ्ग, धर्म) | - बेनीघाट रोराङ गाउँपालिकाको जनसङ्ख्याको चार्ट प्रस्तुत गर्ने ।<br>- बेनीघाट रोराङ गाउँपालिकामा रहेका महिला, पुरुष, विभिन्न जातिहरू र भाषागत जनसङ्ख्या विवरण सङ्कलन गर्न लगाउने ।<br>- ती विवरणलाई स्तम्भ रेखाचित्र, वृत्त चित्र आदिमा प्रस्तुत गर्न लगाउने । | - विद्यार्थीले तयार पारेको स्तम्भ रेखाचित्र, वृत्तचित्र आदिलाई निम्न लिखित आधारमा मूल्याङ्कन गर्ने<br>- विषयवस्तु को प्रस्तुति<br>- ढाँचा<br>- उपयुक्तता | १५ |
| | • मुख्य बजार : हुग्दी बजार | - मुख्य बजारका रूपमा हुग्दी बजारको परिचय दिने<br>- हुग्दी बजारमा हुने मुख्य मुख्य व्यापारिक गतिविधिहरूको सूची तयार पार्न लगाउने ।<br>- हुग्दी बजारले त्यस क्षेत्रको आर्थिक सामाजिक उत्थानमा पुऱ्याएका योगदानको सूची तयार पार्न लगाउने । | १. हुग्दी बजारको विशेषता छोटकरीमा उल्लेख गर्नुहोस् । | १५ |
| ७. सडक सुरक्षा र विपद् व्यवस्थापन | • सडकमा राखिएका खतराका चिह्न र क्षेत्रहरू<br>• स्थानीय स्तरमा हुने विपद् : हावाहुरी | - सडकमा राखिएका खतराका चिह्नहरूको फोटो वा तस्बिर प्रदर्शन गर्ने ।<br>- त्यस्ता चिह्नहरूको अर्थ र परिचय स्पष्ट पार्ने<br>- त्यस्ता चिह्नहरू बनाउन लगाई सडक सुरक्षाको नमुना अभ्यास गर्न लगाउने ।<br>- स्थानीय स्तरमा हुने विपद्हरूको सची तयार पार्न लगाउने ।<br>- त्यस्ता विपद्मध्ये हावाहुरीको सामान्य परिचय दिने ।<br>- हावाहुरीले स्थानीय स्तरमा यसै वर्ष पारेका ठुला क्षति वा असरका विवरणहरू सङ्कलन गर्न लगाउने<br>- हावाहुरीबाट बच्न गरिएका स्थानीय अभ्यासहरू सम्बन्धमा समूह-समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने । | १. हावाहुरीबाट बच्ने कुनै दुई उपायहरू उल्लेख गर्नुहोस् । | १४ |
| ८. स्थानीय सडक र बाटोघाटो | • स्थानीय ग्रामीण सडक (चेपाङ मार्ग)<br>- परिचय<br>- आयआर्जनमा पारेको प्रभाव | - आफ्ना समुदायमा भएका सडकहरूको नाम पालैपालो भन्न लगाउने ।<br>- चेपाङ मार्गको परिचय उल्लिखित चार्ट वा तालिका प्रस्तुत गर्ने ।<br>- सो मार्गले समग्र गाउँपालिकाको विकास र त्यहाँका जनताको आयआर्जनमा पारेको प्रभाव सम्बन्धमा संवाद प्रस्तुत गर्न लगाउने ।<br>- स्थानीय सडक र आयआर्जन सम्बन्धमा कुनै स्थानीय पत्रिकामा छाप्न मिल्ने समाचारको नमुना तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउने । | १. चेपाङ मार्गले त्यस क्षेत्रका मानिसको आयआर्जनमा पारेको प्रभावको समीक्षा गर्नुहोस् । | ११ |

| | | | | |
|---|---|---|---|---|
| ९.पर्यटकीय स्थल | स्थानीय पर्यटनका सम्भावनाहरूको खोजी गर्न<br>– गौमति मन्दिर<br>– गौरीशङ्कर मन्दिर<br>– राफ्टिङ | - बेनिघाट रोराङ गाउँपालिकामा रहेका मुख्य पर्यटकीय स्थलहरूको सूची तयार पार्न लगाउने ।<br>- गौमती मन्दिरको अवस्थिति र महत्व सम्बन्धमा चित्र वा फोटो प्रदर्शन गर्ने ।<br>- गौमति मन्दिर र यहाँको सांस्कृतिक तथा प्राकृतिक महत्वसमेत छलफल गराउने ।<br>- गाउँपालिकाको गौरीशङ्कर मन्दिरको अवस्थिति र महत्व एवम् यसको प्राकृतिक सौन्दय सम्बन्धमा छलफल र अन्तरक्रिया गर्ने र त्यहाँ लाग्ने मेलाको समयमा विद्यार्थीलाई अवलोकन भ्रमण गराई छलफल गराउने ।<br>–त्रिशूली नदीको गरिने राफ्टिङको महत्व जोडी जोडीमा छलफल गर्न लगाउने बताउने ।<br>–राफ्टिङले स्थानीय पर्यटन प्रवर्धनमा पुऱ्याएको योगदानको चर्चा गर्ने । | १. गौमति मन्दिरको धार्मिक महत्व उल्लेख गर्नुहोस् । | १३ |

**कक्षा: ८**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार |
|---|---|---|---|---|
| १. बेनीघाट रोराङ परिचय | • बेनीघाट रोराङको शिक्षा र साक्षरता<br>• आफू बसेको जिल्ला र प्रदेशको परिचय | - आफले अध्ययन गरेको विद्यालय कहिले स्थापना भएको हो, पत्ता लगाउन लगाउने ।<br>- बेनिघाट रोराङका रहेका क्याम्पस र माध्यमिक विद्यालयको नाम र स्थान खोजी गर्न लगाउने ।<br>- बेनिघाट रोराङको साक्षरता अवस्था खोजी गर्न लगाई कक्षामा चार्ट वा ग्राफमा प्रस्तुतीकरण गर्न लगाउने ।<br>- आफू रहेको जिल्ला र प्रदेशको नाम, स्थानीय तहको सङ्ख्या, जिल्लाको नामकरण, नक्सा, भौगोलिक अवस्था आदि खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | १. बेनीघाट रोराङ गाउँपालिकामा रहेका क्याम्पसहरू नाम लेख्नुहोस् ।<br>२. बेनीघाट रोराङको साक्षरता अवस्थालाई वृत्तचित्रमा देखाउनुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| २. स्थानीय पेसा व्यवसाय र बजार | • बेनीघाट रोराङका मुख्य व्यापारिक केन्द्रको परिचय र महत्व<br>– ताल्ती<br>– बाँदरे | - विद्यार्थीहरूलाई आफ्नो नजिकको बजार कुन हो भनी प्रश्न गर्ने र प्राप्त उत्तरका आधारमा निम्नलिखित पूरक प्रश्नहरू पनि गर्ने, जस्तै :<br>(क) त्यो बजारमा के के किनमेल गर्न जाने गर्नुभएको छ ?<br>(ख) त्यहाँ कुन कुन वस्तुहरू वढी मात्रामा पाइन्छन् ?<br>(ग) त्यहाँ तपाईंको गाउँबाट कुन सामानहरू बिक्रीका लागि लैजाने गरिन्छ ?<br>- बेनीघाट रोराङ गाउँपालिकामा पर्ने थाहा भएका बजारहरूको नाम भन्न लगाउने ।<br>- बेनीघाट रोराङ गाउँपालिकाका मुख्य बजारहरूको छोटो परिचय दिने र ती बजारका विशेषताहरू र त्यहाँ हुने गतिविधिहरू खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- बजारहरूको अवलोकन भ्रमण गराई त्यहाँ हुने आर्थिक क्रियाकलाप सम्बन्धमा त्यहाँका व्यापारीलाई सोध्ने प्रश्नावलीको नमुना तयारी र प्रश्न सोध्न लगाउने र प्राप्त उत्तरलाई समेटी प्रतिवेदन तयार पार्न लगाउने । | १. बेनीघाट रोराङका मुख्य व्यापारिक केन्द्रको नाम र त्यहाँ हुने आर्थिक गतिविधिको चर्चा गर्नुहोस् । | १५ |
| ३. बेनीघाट रोराङको ऐतिहासिक गतिविधि | बेनीघाट रोराङका ऐतिहासिक घटनाहरू | - बेनीघाट रोराङ गाउँपालिका क्षेत्रभित्र गत विगतमा घटेका विभिन्न ऐतिहासिक घटनाहरू, जस्तै : राजनीतिक घटना, सामाजिक सुधारका घटना आदि सङ्कलन गर्न लगाउने ।<br>- यी घटनासँग सम्वन्धित जानकार व्यक्तिहरूलाई स्रोत शिक्षकका रूपमा कक्षामा आमन्त्रण गरी छलफल गर्न लगाउने ।<br>- ती घटनाले यस ठाउँको मानव जनजीवनमा पारेको प्रभावको खोजी गर्ने लगाई छलफल गर्न लगाउने । | १. बेनीघाट रोराङ गाउँपालिकामा घटेका कुनै दुई ऐतिहासिक घटनाको वर्णन गर्नुहोस् । | १५ |
| ४.स्थानीय प्राकृतिक सम्पदा र वातावरण | -प्राकृतिक सम्पदा र वातावरण संरक्षणमा स्थानीय सरकारबाट भएका कार्यहरू | - प्राकृतिक सम्पदा र वातावरण संरक्षणमा स्थानीय स्तरमा भएका प्रयासको अनुभव आदानप्रदान गराउने<br>- स्थानीय सरकारले प्राकृतिक सम्पदा र वातावरण संरक्षणमा पुऱ्याएको योगदानको खोजी गर्न लगाउने<br>- विद्यालयमा प्राकृतिक सम्पदा र वातावरण संरक्षणकाका लागि योजना तयार पारी कार्यान्वयन गर्ने, जस्तै : | १. प्राकृतिक सम्पदा र वातावरण संरक्षणमा स्थानीय सरकारबाट भएका कार्यहरूको सूची तयार पार्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| **५. स्थानीय सामाजिक सांस्कृतिक मूल्य-मान्यताहरू** | • स्थानीय स्तरमा हुने जात्रा र पर्व<br>• बेनीघाटमा लाग्ने माघे सक्रान्तिको जात्रा<br>• गौमति भैरवी जात्रा<br>• खटौटीको एकादशी जात्रा<br>• आइतबारे सन्सारी पूजा<br>• स्थानीय ब्राह्मण, क्षेत्री, सन्यायी जातिका फरक संस्कार (जन्म, विवाह, मृत्यु) | - स्थानीय स्तरमा हुने विभिन्न जात्राहरूको नाम भन्न लगाई ती जात्राहरूमा के के हुन्छ, भन्न लगाउने ।<br>- बेनीघाटमा लाग्ने खटौटीको एकादशी जात्रा, माघे सङ्क्रान्तिको जात्रा र गौमति भैरवी जात्राको सामान्य जानकारी, जात्रा लाग्ने समय, त्यहाँ हुने मुख्य मुख्य क्रियाकलापहरू प्रश्नोत्तर गर्दै स्पष्ट पारिदिने ।<br>- ब्राम्हण, क्षेत्री र सन्न्यासी जातिको जन्म, विवाह र मृत्यु संस्कारसँग सम्बन्धित रही प्रश्नोत्तर गराउने ।<br>- ब्राह्मण जातिका पनि केही फरक संस्कारहरूमा छलफल गराउने ।<br>- सो जातिका अगुवालाई कक्षामा आमन्त्रण गरी उनीहरूको संस्कार सम्बन्धमा छलफल गराउने ।<br>- आइतबारे सन्सारी पूजा, सो पूजा गर्ने जाति र पूजा गर्दाका क्रियाकलाप चित्र वा भिडियो देखाउँदै स्पष्ट पार्ने । | - बेनीघाटमा लाग्ने माघे सक्रान्तिको जात्राको सामाजिक सांस्कृतिक महत्व उल्लेख गर्नुहोस् ।<br>- ब्राह्मण जातिको विवाह संस्कार लेख्नुहोस् । | १५ |
| **६. भूगोल र जनसङ्ख्या** | • खानी संरक्षणका उपायहरू<br>• बेनीघाट रोराङको जनसाङ्ख्यिक अवस्था र बसाइँसराइ | - गाउँपालिकाभित्र भएका विभिन्न खानीहरूको नाम र स्थान खोजी गर्न लगाउने, जस्तै : लाइम स्टोन खानी<br>- ती खानीहरूको संरक्षण र सुरक्षाका उपायहरू सम्बन्धमा समूह समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने ।<br>- ती खानी भएका ठाउँको संरक्षणमा स्थानीय सरकारले गरेका कार्यहरू खोजी गर्न लगाउने ।<br>- बेनीघाट रोराङको जनसाङ्ख्यिक अवस्थालाई चार्ट, तालिका वा बारग्राफमा प्रस्तुत गर्ने ।<br>- बेनीघाट रोराङको बसाइँसराइको अवस्था र त्यसले त्यहाँको सामाजिक आर्थिक क्षेत्रमा पारेको असर खोजी गर्न लगाउने । | विद्यार्थीहरूले तयार पारेको चार्ट, तालिका वा बारग्राफलाई निम्नानुसार मूल्याङ्कन गर्नुहोस् :<br>- विषयवस्तु<br>- ढाँचा<br>- प्रक्रिया<br>- प्रस्तुतीकरण | १५ |
| ७. सडक सुरक्षा र विपद् व्यवस्थापन | • सवारी साधन प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा<br>• भूकम्प<br>- परिचय<br>- बच्ने उपायहरू | - सवारी साधन प्रयोग गर्दा के के गरेको थाहा छ भनी सोध्ने, जस्तै : सिट बेल्ट लगाउने, आफ्नो लेनबाट गुड्ने आदि सम्बन्धमा छलफल गर्ने, जस्तै : यात्रा गर्दा नझुन्डीकन यात्रा गर्ने, झ्यालबाट टाउको बाहिर ननिकाल्ने आदि ।<br>- भूकम्पसँग सम्वन्धित चित्रहरू प्रस्तुति र छलफल गर्ने । | १. सवारी साधन प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् ।<br>२. भूकम्पबाट बच्ने उपायहरूको सूची बनाउनुहोस् । | १४ |

| | | | | |
|---|---|---|---|---|
| **८.स्थानीय सडक र बाटोघाटो** | स्थानीय सडकले समग्र पालिकाको आर्थिक तथा सामाजिक विकासमा पारेको प्रभाव | - आफ्नो स्थानीय स्तरमा भएका सडकले त्यहाँको जनजीवनमा पारेको प्रभाव पालैपालो भन्न लगाउने ।<br>- स्थानीय सडकले बेनिघाट रोराङका गाउँबस्तीको सामाजिक र आर्थिक क्षेत्रमा पारेका सकारात्मक प्रभावहरू उल्लिखित चार्ट प्रदर्शन गरी छलफल गर्ने ।<br>- स्थानीय सडकले त्यस क्षेत्रको सामाजिक र आर्थिक क्षेत्रममा पारेको प्रभाव सम्बन्धमा प्रश्नोत्तर गर्ने ।<br>- स्थानीय सडक निर्माण र पर्यावरण संरक्षण आजको आवश्यकता सम्बन्धमा वक्तृत्वकला जस्ता प्रतियोगिता सञ्चालन गर्ने । | १.स्थानीय सडकले त्यस क्षेत्रको सामाजिक र आर्थिक क्षेत्रममा पारेको प्रभाव उल्लेख गर्नुहोस् ।<br>२. आफ्नो स्थानीय स्तरमा भएका सडकले त्यहाँको जनजीवनमा पारेको प्रभावको सूची तयार पार्नुहोस् । | ११ |
| **९.पर्यटकीय स्थल** | स्थानीय पर्यटनका सम्भावना र चुनौती र प्रवर्धन<br>– मनकामना<br>– वागेश्वरी मन्दिर<br>– विधाङ्को शङ्खादेवी मन्दिर | - आफ्नो स्थानीय तहका सम्भाव्य पर्यटकीय क्षेत्रहरूको नाम भन्न लगाउने ।<br>- ती पर्यटकीय क्षेत्रहरूको सामान्य परिचय दिने ।<br>- ती पर्यटकीय क्षेत्रहरूको फोटो वा भिडियो प्रस्तुत गर्ने ।<br>- मनकामना, बागेश्वरी मन्दिर र विधाङ्को शंखादेवी मन्दिरको परिचय, महत्व र सम्भावनाका सम्बन्धमा जानकारी प्रस्तुत गर्ने ।<br>- यी स्थानहरूको पर्यटन स्थानका रूपमा विकास गर्न के के चुनौती छन्, छलफल गर्ने ।<br>- विद्यार्थीहरूलाई यी स्थानहरूको अवलोकन भ्रमण गर्न लगाई सम्भावना, चुनौती र प्रवर्धनका उपायहरू सोधखोज गर्न लगाउने ।<br>- यी ठाउँको पर्यटन प्रवर्धनमा स्थानीय सरकारले गरेका कामहरू खोजी गर्न लगाउने । | १. मनकामना मन्दिरको धार्मिक पर्यटन प्रवर्धनका उपायहरू उल्लेख गर्नुहोस् ।<br>२. बागेश्वरी मन्दिरको सांस्कृतिक महत्व उल्लेख गर्नुहोस् ।<br>३. विधाङ्को शङ्खादेवी मन्दिरको धार्मिक पर्यटन प्रवर्धनका उपायहरू सुझाउनुहोस् । | १३ |